# सहभागितामूलक, प्रमाणमा आधारित कार्य अनुसन्धान

## हाते पुस्तिका

पारस्परिक जवाफदेहिता परियोजना

## हाते पुस्तिकको बारेमा

यो हाते पुस्तिका पारस्परिक जवाफदेहिता परियोजना अन्तर्गतका सामुदायिक अनुसन्धानकर्तालाई परियोजना सञ्चालित जिल्लाहरूमा सहभागितामूलक, प्रमाणमा आधारित सामुदायिक कार्य अनुसन्धान गर्नका लागि मार्गदर्शन प्रदान गर्न तयार गरिएको हो । नागरिक समाज र मिडियाप्रतिको जनधारणामा परिवर्तन गर्दै पारस्परिक जवाफदेहिताको सुदृढिकरणमा जोड दिन र यसलाई सशक्त बनाउन यस परियोजनाले वैद्, उत्तरदायी, एवं बलियो नेपाली नागरिक समाजको प्रवर्द्धन, जसमा जनहितलाई बढावा दिने क्षमता होस् भन्ने लक्ष्य लिएको छ । साथै सार्वजनिक हितका विषयलाई उठाउन सक्षम, वैधानिक, उत्तरदायी तथा असफलतासंग जुध्न सक्षम नेपाली नागरिक समाजको प्रवर्द्धन गर्नु यसको मुख्य उद्देश्य हो । सिमान्तकृत समूहहरुको हितसँग जोडिएका मुद्दा, नीति, तथा कार्यन्वयनका बारे सहभागिमूलक, प्रमाणमा आधारित अनुसन्धान गर्न नागरिक समाज संस्था र मिडियाको क्षमता विकास गर्नु पनि यस परियोजनाको एउटा उद्देश्य हो ।

वि.स. २०७२ असोजमा जारी नेपालको संविधानले देशमा सङ्घीय, प्रादेशिक तथा स्थानीय तहको व्यवस्था गरी तिनलाई  थप अधिकार तथा स्वायत्तता दिएको छ । अधिकार बाँडफाँडको नयाँ प्रणालीले स्थानीय सरकारलाई अभूतपूर्व अवसर उपलब्ध गराए पनि यसका अगाडि अथाह चुनौती तथा कमजोरी छन् । हाल देखिएको सबभन्दा ठुलो चुनौती प्रादेशिक तथा स्थानीय सरकारमा निर्वाचित पदाधिकारीले गर्न सक्ने अधिकारको दुरुपयोग, निजी तथा सार्वजनिक सेवा प्रदायकसँगको साँठगाँठ र यसको प्रभाव स्वरूप उत्तरदायित्व, पारदर्शिता तथा सार्वजनिक चासोका विषयमा हुने निर्णय प्रक्रियामा नागरिक सहभागितामा आउन सक्ने कमी हुन् । नीति निर्माता तथा सेवा प्रदायकलाई इमान्दार राख्नका लागि नागरिक समाज सदैव चनाखो रहनुपर्छ । तथ्य, सूचना तथा ज्ञानका रूपमा विश्वसनीय प्रमाणसँगै सार्वजनिक नीति तथा अभ्यासमा सुधारका लागि पैरवी गर्ने क्षमता नागरिक समाजभित्रै भयो भने यस्तो निगरानी सबभन्दा प्रभावकारी बन्न सक्छ ।

यस परियोजनाका लागि सामुदायिक अनुसन्धानकर्ताहरूले सरकारसँगको नागरिकको रचनात्मक संलग्नतालाई सहयोग पुऱ्याउने गरी विश्वसनीय प्रमाण जुटाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेछ । अतः तालिम लगायत सहभागितात्मक अनुसन्धान पद्धतिमा क्षमता विकासका लागि भइरहेका विभिन्न कार्यक्रम मार्फत् सामुदायिक अनुसन्धानकर्ताले प्राथमिकताप्राप्त पैरवी मुद्दाहरूको पहिचान गरी सार्वजनिक नीति, स्रोत परिचालन तथा सेवा प्रवाहमा सहयोग गर्ने अपेक्षा गरिएको छ ।

यस हाते पुस्तिकामा दिइएका धेरै उदाहरणहरू प्रशिक्षण निर्देशिकाका लागि विकास गरिएका भए पनि केही उदाहरणहरू र सामुदायिक अनुसन्धानकर्ताको दृष्टिकोण भने *इक्वेल एक्सेस सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन हाते पुस्तिका* [1]बाट लिइएका हुन् । संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी)को आर्थिक सहयोगमा यस परियोजनाले यो हाते पुस्तिका तयार गरेको हो । इक्वेल एक्सेस, ँज्क्ष घटण द्वारा नेपालमा सञ्चालित यस परियोजनाको साझेदार रहेको छ । इक्वेल एक्सेसका तर्फबाट प्रविन नानिचा श्रेष्ठ (वरिष्ठ अनुगमन तथा मूल्याङ्कन व्यवस्थापक), जीवन तिमल्सिना (प्रशिक्षण तथा आउटरिच व्यवस्थापक), जेमा फर्गुसन (प्राविधिक सल्लाहकार) र निर्मल रिजाल (एसिया क्षेत्रीय प्रतिनिधि तथा परियोजनाका लागि सञ्चार निर्देशक)ले यस निर्देशिका तयार गरेका हुन् । मित्र

[1] *Equal Access Participatory Monitoring and Evaluation Toolkit*: June Lennie, Jo Tacchi, Michael Wilmore and Andrew Skuse (February 2011)

समाज, नेपाल सहभागिमूलक कार्य समुह, नेपाल राष्ट्रिय समाज कल्याण संघ लगायत परियोजनाका अन्य साझेदारहरूबाट पनि प्रशंसनीय सुझावहरू प्राप्त भएका छन् ।

यो हाते पुस्तिका हाललाई मस्यौदा अबस्थामा प्रयोग गरिएको छ । यसलाई छिट्टै नै अन्तिम रुप दिइनेछ ।

# विषय सूचि

**खण्ड १ : सामुदायिक अनुसन्धानकर्ताका उद्देश्यहरु** **१**

१. पैरवी अनुसन्धानः पैरवीका पहलहरूलाई सूचित र प्रभावित गर्ने पैरवी अनुसन्धान १

२. प्रभाव अनुसन्धान : कार्यक्रम तथा तिनका प्रभाव सङ्कलन गर्ने ३

**खण्ड २ : सामुदायिक अनुसन्धानकर्ताका लागि अनुसन्धानका साधनहरू** **७**

१. अवलोकन तथा स्थलगत टिपोट ७

२. अन्तर्वार्ता ९

३. समूह केन्द्रीत छलफल ११

४. सहभागितात्मक साधन तथा विधि/तरिकाहरू १४

५. प्रतिफल सङ्कलन २१

६. अन्तर्क्रियात्मक आवाज प्रतिक्रिया (आइभिआर्) प्रणाली २२

**खण्ड ३ : अनुसन्धान संहिता, तथ्याङ्क व्यवस्थापन तथा प्रतिवेदन लेखन** **२६**

१. अनुसन्धान नैतिक संहिता २६

२. तथ्याङ्क सुरक्षा २७

३. तथ्याङ्क व्यवस्थापन, विश्लेषण र प्रतिवेदन लेखन २८

**खण्ड १ : सामुदायिक अनुसन्धानकर्ताका उद्देश्यहरु**

यस परियोजना अन्तर्गत पैरवी तथा कार्यक्रम प्रभावका लागि प्रमाणमा आधारित अनुसन्धान सञ्चालन गर्न ३४ सामुदायिक अनुसन्धानकर्तालाई प्रशिक्षित र परिचालित गरिएको छ । तपाईहरुले योजनाका साझेदार नागरिक समाज संस्थासँग आबद्ध रही परियोजनाका साझेदारहरु (ISOs)का कर्मचारीहरूबाट प्रशिक्षण र सहयोग प्राप्त गर्नुहुनेछ ।

**सामुदायिक अनुसन्धानकर्ताका उद्देश्यहरू के-के हुन् ?**

सामुदायिक अनुसन्धानकर्ताका मुख्यत: दुई उद्देश्यहरू छन् :

**१. पैरवी अनुसन्धानः पैरवीका पहलहरूलाई सूचित र प्रभावित गर्ने पैरवी अनुसन्धान**

अनुमान तथा सुनेका कुराहरूभन्दा पनि प्रमाणले पैरवीलाई सर्मथन गरियो भने यो अझ प्रभावकारी हुन्छ । पैरवी गर्ने निकाय (जस्तै : नागरिक समाज संस्था र सञ्चार माध्यम) र पैरवी सम्बोधन गर्ने निकाय ( जस्तै : नीति निर्माता र सरकारी अधिकारी)बीच विश्वास स्थापना गर्न सकियो भने पैरवीका प्रयासहरू पनि विश्वसनीय हुन्छन् । ठोस प्रमाणले पैरवीलाई समर्थन गरेमा तथा यस्तो प्रयास समुदायका सदस्यकै आवश्यकतामा आधारित भएमा यस्तो विश्वसनीयता स्थापना गर्न सकिन्छ। सामुदायिक अनुसन्धानकर्ताका रुपमा तपाईको मुख्य भूमिका पैरवीका पहलहरुलाई सूचित र प्रभावकारी गर्ने हो ।

**पैरवीका पहलहरूलाई सूचित र प्रभावित गर्नका लागि अनुसन्धान चक्र**




चित्र १ : पैरवीका पहलहरूलाई सूचित र प्रभावित गर्नका लागि अनुसन्धान चक्र

**पहिलो चरण : बुझाइ**

विशेषत: सेवा तथा सार्वजनिक नीतिसँग सम्बन्धित आफ्नो समुदायमा भएका मुद्दाहरू बुझ्नका लागि अनुसन्धान गर्नुहोस् । सकेसम्म धेरै मानिससँग कुरा गरी समुदायमा खास कसका लागि के विषय किन महत्वपूर्ण छन् बुझ्नुहोस् । मुद्दामात्र नबुझी तथ्य र तथ्याङ्क पनि सङ्कलन गर्नुहोस् । उदाहरणका लागि, स्थानीय स्वास्थ्य चौकीको बजेट बढाइनुपर्छ भनी पैरवी गर्दै हुनुहुन्छ भने तपाईँलाई हाल कति बजेट उपलब्ध छ, यस्तै अन्य स्थानमा कति बजेट दिइएको छ, विगतमा बजेटको आकारमा कस्तो परिवर्तन आएको छ वा छैन, कुनकुन शीर्षक (जस्तै : रोकथाम, सामान्य औषधी, शल्यक्रिया, मातृ तथा शिशु स्वास्थ्य, दन्त सेवा आदि)मा कसरी रकम वितरण गरिएको छ, बजेट वितरणका मार्गहरू के-के हुन् लगायतका विषयबारे जानकारी हुनुपर्छ। यी सूचना थाहा पाउनका लागि अनुसन्धान गर्नुपर्छ। सम्भाव्य

समाधान तथा परिवर्तनका अवसरबारे पनि मानिसहरूसँग कुरा गर्नुहोस् । के पैरवीकै प्रयासले यी कुनै मुद्दामा परिवर्तन ल्याउन सकिएला त ? यस्ता परिवर्तनका लागि कोसँग पर्याप्त सामर्थ्य छ होला ?

निश्चित गर्नुहोस् कि :

- प्रायजसो बेवास्ता गरिने महिला तथा सीमान्तीकृत समूहका सदस्य लगायत समुदायका सबै सदस्यसँग उनीहरूलाई सबभन्दा धेरै प्रभाव पार्ने मुद्दाका बारे कुरा गर्नुहुनेछ ।
- आफ्ना अगाडि रहेका मुद्दाहरूलाई वास्तविक रूपमै बुझ्नका लागि सम्बन्धित स्थानीय संस्था तथा नागरिक समाज संस्थासँग कुरा गर्नुहुनेछ ।
- विषयवस्तु आफैँमा महिला तथा अल्पसङ्ख्यकसँग सम्बन्धित नभए पनि महिला र जातीय अल्पसङ्ख्यक लगायत धेरै समूह र क्षेत्रका मानिससँग कुरा गर्नुहोस् ।

## दोस्रो चरण : पहिचान र योजना

विशेषतः सीमान्तीकृत समूह समेत समुदायमा रहेका सबैका विविध धारणा र अनुभवबारे सुसूचित भई तिनको समुदायका सेवा तथा सार्वजनिक नीतिसँग कस्तो सम्बन्ध छ भन्ने बुझिसकेपछिको दोस्रो चरणमा पैरवी अभियानमा कुन मुद्दामा जोड दिने भन्ने पहिचान गरी पैरवीकै दृष्टिकोणबाट यो मुद्दालाई कसरी हेर्ने भन्ने योजना बनाउनुपर्दछ । पुनश्च निर्णय तथा योजना प्रक्रिया सुसूचित हुनका लागि यस चरणमा पनि सकेसम्म धेरै सूचना सङ्कलन गर्नु आवश्यक छ र त्यसका लागि अनुसन्धान महत्वपूर्ण छ । यस्तै मुद्दाहरूमा कार्यरत नागरिक समाजका अन्य संस्था र समूहसँग कुरा गर्नुहोस्, समुदायमा प्रभाव रहेका विभिन्न सञ्जालहरू तथा ती आपसमा कसरी जोडिएका छन् बुझ्नका लागि विभिन्न अध्ययन विधिको प्रयोग गर्नुहोस्, सञ्चार माध्यमसँग कुरा गर्नुहोस् र उपलब्ध विभिन्न पैरवी सामग्रीबारे बुझ्नुहोस् । यी सबै सूचनाको प्रयोग गरी पैरवीको उद्देश्य के हुनेछ, को-को सँग पुग्नुपर्नेछ, कसरी पुग्नुपर्नेछ र के भन्नुपर्नेछ भन्ने निर्णय गर्नुहोस् ।

## तेस्रो चरण : सुरुवात

मुद्दा, दृष्टिकोण, उद्देश्य तथा सांस्कृतिक, सामाजिक र राजनीतिक परिस्थितिका आधारमा, सञ्चालन गरिएका क्रियाकलाप फरक-फरक हुन सक्छन् । हालसम्म गरिएको अध्ययनले पनि कस्तो पैरवी दृष्टिकोण तथा सामग्री अपनाउने भन्ने कुरामा प्रभाव राख्छ । केही प्रचलित कार्यक्रमहरू र्‍याली, सार्वजनिक छलफल, प्रत्यक्ष पैरवी, अनुसन्धानबाट पत्ता लागेका तथ्यको सार्वजनिकीकरण, समाचार तथा लेख सम्प्रेषण, रेडियो कार्यक्रम, सञ्चार अभियान आदि हुन सक्छन् । अभियान सुरु हुने बित्तिकै अनुसन्धानको भूमिका सकिँदैन । सञ्चालन भइरहेका क्रियाकलाप अझ राम्ररी सञ्चालन गरी सम्बन्धित विषयका छलफल र पैरवी क्रियाकलापमा सकेसम्म धेरै मानिस सहभागी गराउन पनि अनुसन्धान महत्वपूर्ण हुन्छ ।

## चौथो चरण : मूल्याङ्कन र प्रतिबिम्बन

प्रयोग गरिएका पैरवी सामग्री तथा रणनीतिको प्रभाव बुझ्नका लागि अनुसन्धान अत्यावश्यक छ । अभियानको नतिजा कस्तो देखियो ? ती अभियानमा को-को संलग्न भए ? तपाईंले को-को सँग कुरा

गर्नुभयो ? केही नसोचेको कुरा वा कुनै परिवर्तन भयो ? प्रयोग गरिएका सामग्री तथा विधिले निर्धारित लक्ष्य पूरा गर्दै छन् ? के कुरा फरक तरिकाले तथा अझ राम्ररी गर्न सकिन्थ्यो ?

### पाँचौं चरण : सुधार

यस चरणमा सबै सूचनालाई एकीकृत गरी, यिनको अर्थ लगाउने तथा पत्ता लागेका तथ्यका आधारमा प्रतिवेदन तयार गर्ने गरिन्छ । पैरवी रणनीतिको योजना तथा कार्यान्वयन गर्ने व्यक्तिहरूसँगै आफूले सम्बोधन गर्न प्रयास गरेका मुद्दाहरूबाट प्रभावित समुदायका सदस्यहरूलाई पनि यी तथ्यहरूबारे जानकारी दिनुपर्छ । पत्ता लागेका तथ्यका आधारमा पैरवी रणनीति तथा सामग्रीमा सुधार ल्याउन सकिन्छ ता कि तिनले आफ्ना उद्देश्य र समुदायका आवश्यकता अझ राम्ररी पूरा गरून् । पैरवीले प्रत्यक्ष वा अप्रत्यक्ष के-के प्रभाव पार्‍यो तथा यिनले निर्धारित उद्देश्यलाई कसरी पूरा गर्दै छन् भन्ने कुरा दातालाई बताउनका लागि पनि अनुसन्धानबाट पत्ता लागेका तथ्य प्रयोग गर्न सकिन्छ । आफूले प्रभावित गर्न खोजेका मानिसलाई पैरवी अभियानले कति राम्ररी समेट्न सकेको छ भन्ने थप बुझ्नका लागि पनि यी सूचना उपयोगी हुन्छन् । यदि ती मानिसले आफ्ना कुरा सुनेका छैनन् वा अभियानको कुनै प्रभाव छैन भन्ने देखियो भने पैरवी रणनीतिमा परिवर्तन गर्नुपर्छ ता कि आफ्ना क्रियाकलापहरू अझ प्रभावकारी होऊन् । अनुसन्धानका नतिजा समुदायलाई पनि जानकारी दिइयो भने समुदायका सदस्यले तपाईं उनीहरूका चासो सुन्दै हुनुहुन्छ भन्ने बुझी भविष्यका क्रियाकलापमा सहभागी हुन सक्छन् ।

## २. प्रभाव अनुसन्धान : कार्यक्रम तथा तिनका प्रभाव सङ्कलन गर्ने

सामुदायिक अनुसन्धानकर्ताको मूल काम पैरवीका लागि प्रमाण सङ्कलन गर्नु भए पनि तपाईहरूले परियोजनाका आउटरिच क्रियाकलापको समुदायमा प्रभावकारिता बारे पनि अध्ययन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ । यस अन्तर्गत 'साझा बोली' तथा 'साथीसँग मनका कुरा' रेडियो कार्यक्रमका केन्द्रीय तथा स्थानीय संस्करणहरू, प्रसारण भइरहेका सार्वजनिक सन्देशहरू, 'मेरोरिपोर्ट' अनलाइन मञ्च तथा 'एस्एम्एस् माई भोइस' अभियानका प्रभाव अनुसन्धान पर्दछन् ।

### कार्यक्रमका प्रभावलाई बुझ्नका लागि अनुसन्धान चक्र

समुदायले परियोजना अर्न्तगतका विभिन्नकार्यक्रमका क्रियाकलापलाई कसरी ग्रहण गर्दै छन् भन्ने बुझी भविष्यका कार्यक्रममा सुधार ल्याउन तथा परियोजना अर्न्तगतका कार्यक्रमहरुबाट प्रेरित भई कार्यक्रमबारेका के-के क्रियाकलाप समुदाय आफैं गर्दछन् भन्ने थाहा पाउन सहभागितात्मक अध्ययनलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने बुझाउन तलको आधारभूत चक्र प्रस्तुत गरिएको छ ।

तलको चक्रका हरेक चरणमा सहभागिता, सञ्चार तथा सिकाइ निरन्तर जारी रहन्छ ।




चित्र २ : कार्यक्रमका प्रभावलाई बुझ्नका लागि अनुसन्धान चक्र

**पहिलो चरण : बुझाइ**

परियोजनाका कार्यक्रम तथा क्रियाकलापलाई समुदायले कसरी लिएको छ बुझ्नुहोस् । यी क्रियाकलापहरूले समुदायलाई कसरी प्रभाव पार्दै छन् भन्ने बुझ्नका लागि सामुदायिक कार्यअनुसन्धानकर्ताले निम्न तरिकाले सूचना सङ्कलन गर्न सक्छन् :

- रेडियो कार्यक्रम, श्रोता समुहका सदस्यहरूले व्यक्तिगत वा सामूहिक रूपमा गरेका क्रियाकलाप, रेडियो कार्यक्रमको नतिजा स्वरूप समुदायमा देखिएका परिवर्तन र अन्य क्रियाकलापबारे रेडियो श्रोता क्लबसँग कुरा गर्नुहोस् ।
- मेरोरिपोर्ट, सिर्जनशील शाखा, हब लगायतका क्रियाकलाप तथा साधनले उनीहरूलाई कसरी सहयोग वा प्रेरित गरिरहेका छन् भन्ने थाहा पाउन स्थानीय नागरिक समाज संस्था वा सञ्चार माध्ययममा जानुहोस् ।
- समुदायका जनुसदस्यसँग भेट्दा उनीहरूले परियोजना अन्तर्गतका रेडियो कार्यक्रम सुनेका छन् वा छैनन्, परियोजनाका अन्य क्रियाकलापबारे थाहा पाएका छन् वा छैनन् तथा ती कार्यक्रम र क्रियाकलापको नतिजा स्वरूप केही परिवर्तन देखेका छन् कि सोध्नुहोस् ।

**दोस्रो चरण : प्रतिबिम्बन**

यस चरणमा सङ्कलित सबै सूचनाको अर्थ लगाई तपाईंको अनुसन्धानका आधारमा प्रतिवेदन तयार गरिन्छ ।

**तेस्रो चरण : जानकारी आदानप्रदान**

आफ्नो अनुसन्धानको समीक्षा तथा प्रतिबिम्बनपछि परियोजनामा संलग्न विभिन्न संस्थाहरूलाई अनुसन्धानबाट पत्ता लागेका तथ्यबारे जानकारी दिनु महत्वपूर्ण हुन्छ । यदि समुदायले रेडियो कार्यक्रम सुनेका छैनन् वा समुदायमा परियोजना अर्न्तगतका कार्यक्रमहरुले खासै प्रभाव परेको छैन भन्ने पत्ता लाग्यो भने तपाईंले रेडियो कार्यक्रम र परियोजना अर्न्तगतका अन्य कार्यक्रमहरुलाई अझ प्रभावकारी बनाउन सुझाव दिन सक्नुहुन्छ ।

यसका लागि निम्न क्रियाकलाप गर्न सकिन्छ :

- स्थानीय रेडियो स्टेसनले गर्ने CAG बैठकमा जानुहोस् । हरेक महिना हुने यस्ता बैठकमा विषयवस्तु तथा प्राविधिक विशेषज्ञले रेडियो कार्यक्रम उत्पादक समूहलाई सुझाव प्रदान गर्छन् ता कि रेडियो कार्यक्रममा समेटिएका सूचना प्राविधिक रूपमा सही र सान्दर्भिक छन् भन्ने सुनिश्चित होस् । श्रोताले आफ्ना कार्यक्रमलाई कसरी लिएका छन्, भविष्यमा के विषयलाई समेट्नुपर्ला वा के परिवर्तन चाहिएला आदि विषयमा पृष्ठपोषण लिन यो एक राम्रो अवसर हो ।
- समुदायमा छलफलमा सहभागी भई आफूले पत्ता लगाएका तथ्यबारे जानकारी दिनुहोस् ता कि उनीहरूलाई कार्यक्रम सुन्ने बानी र श्रोता क्लब एवं यी मुद्दाहरूलाई प्रत्यक्ष सम्बोधन गर्ने अनि समुदायमा परिवर्तन ल्याउने सामुदायिक क्रियाकलापमा संलग्न हुनाको महत्वबारे थाहा होस् ।
- IVR, लिखित प्रतिवेदन, इक्वेल एक्सेसका कर्मचारीसँगको छलफल आदि माध्यमबाट
- स्थानीय नागरिक समाजका संस्था तथा इक्वेल एक्सेसलाई जानकारी दिनुहोस् ।

**चौथो चरण : सुधार**

परियोजनामा आवद्ध व्यक्ति अथवा विभिन्न समूहमा आफूले पत्ता लगाएका कुरा जानकारी दिइसकेपछि तपाईंको अनुसन्धानमा आधारित रही सुधार (प्रमाणमा आधारित सुधार) ल्याउनु उनीहरूको जिम्मेवारी हो ता कि कार्यक्रमका विषयवस्तुले समग्र उद्देश्य र समुदायका आवश्यकतालाई अझ राम्ररी सम्बोधन गर्न सकून् ।

| |
|---|
| सम्झनुहोस् : यी दुबै चक्रमा तपाईंको अनुसन्धानको भूमिका महत्वपूर्ण हुने कुरामा जोड दिइएको छ । यदि तपाईं आफ्नो काम राम्ररी गर्नुहुन्छ भने यसले समग्र कार्यक्रम र पैरवीको गुणस्तरमा धेरै प्रभाव पार्न सक्छ । |

**अनुसन्धान योजना**

**किन योजना बनाउने ?**

कुनै पनि अनुसन्धान सुरु गर्नु अगाडि सबै अनुसन्धान क्रियाकलापको राम्रोसँग योजना बनाउनुपर्छ । अनुसन्धानले के प्रश्नको उत्तर खोज्दै छ (अनुसन्धान प्रश्न), यसका लागि कोसँग छलफल गर्नुपर्छ (

सकेसम्म धेरै प्रकारका मानिस समेट्न खोज्नुहोस्), तपाईंसँग कति समय छ र तपाईं के साधन प्रयोग गर्दै हुनुहुन्छ भन्ने कुरा योजनामा स्पष्ट हुनुपर्छ ।

विशेषतः सहभागितात्मक तथा प्रमाण आधारित कार्य अनुसन्धानको योजनाका लागि तल तालिकामा दिइएका विशिष्ट प्रश्नहरूबारे विचार गर्नु अगाडि तलका बृहत् प्रश्नहरूबारे ध्यान दिनु महत्वपूर्ण छ :

- सुरुवाती योजनादेखि सूचना सङ्कलन, विश्लेषण, प्रतिवेदन लेखन, सुझाव सङ्कलन तथा प्रमाणमा आधारित क्रियाकलापको तयारीसम्मका चरणमा सहभागितात्मक प्रक्रिया कसरी सुनिश्चित गर्ने ?
- यस अनुसन्धानले कसरी हामीलाई वास्तविक कार्यमा पुर्‍याउँछ ? सहभागीहरूकै सहभागितामा हामी कसरी कार्य योजना तयार गर्न सक्छौं ?
- के यी क्रियाकलापहरू हाम्रो अनुसन्धानले पत्ता लगाएका प्रमाणमा आधारित छन् ?

| हरेक अनुसन्धान योजनामा यी प्रश्नहरू सोध्न नबिर्सनुहोस् : |
|---|
| • म यो अनुसन्धान किन गर्दै छु ? (उद्देश्य)<br>• म के सूचना खोज्दै छु ? (आवश्यक सूचना तथा अन्तर्क्रियात्मक प्रक्रियाभित्रै यी सूचना खोज्ने प्रश्नहरू)<br>• हरेक अनुसन्धान क्रियाकलापलाई कुन विधि सबभन्दा उपयुक्त हुन्छ ? (सूचनाका सम्भाव्य स्रोतको पहिचान तथा सूचना सङ्कलनका विधि)<br>• म यो अनुसन्धान कहाँ गर्छु ? (सूचना स्रोतको स्थान पहिचान)<br>• म यो अनुसन्धानमा कसलाई संलग्न गर्छु ? (अध्ययन गरिएको क्षेत्रको बुझाइलाई सुदृढ बनाउने सूचना प्रदान गर्न सक्ने व्यक्तिको पहिचान)<br>• मलाई के-के स्रोत चाहिन्छन् ? आर्थिक, मानवीय, अन्य ?<br>• यो अनुसन्धानमा के-के जोखिम छन् ? (जोखिम विश्लेषण)<br>• म कसरी अनुसन्धानको नतिजालाई परियोजनाका उद्देश्यका लागि सबभन्दा उपयोगी बनाउन सक्छु ? के सूचना छुटेका हुन सक्छन् ? (अझ राम्रा, अझ स्पष्ट सूचनाका लागि अनुसन्धान चक्रका पुराना चरण दोहोर्‍याउनुहोस् । ढाँचा तथा स्पष्ट चित्रको खोजीमा सूचनालाई बारम्बार क्रमबद्ध गर्नुहोस् ।)<br>• म कसरी अनुसन्धानको नतिजालाई मेरो समुदायका लागि सबभन्दा उपयोगी बनाउन सक्छु ? ( सबै चरणमा सामुदायिक सहभागिताको सुनिश्चितता) |

## खण्ड २ : सामुदायिक अनुसन्धानकर्ताका लागि अनुसन्धानका साधनहरू

यस खण्डले तपाईंले समुदायमा अनुसन्धान गर्दा प्रयोग गर्न मिल्ने केही महत्वपूर्ण साधनहरूसँग तपाईंलाई परिचित गराउनेछ । सामुदयिक कार्य अनुसन्धान का रूपमा तपाईंले सञ्चालन गर्ने अनुसन्धान, परियोजनाका प्रभावबारे जानकारी हासिल गर्न वा पैरवीका उद्देश्यहरूका लागि गरिनेछ । ठूलो समूहसँग वा एक व्यक्तिसँग तथा समुदायका अगुवाहरू वा पिछिडिएका समूहहरूसँग मिलेर तपाईले यो अनुसन्धान गर्नुपर्ने हुनसक्छ । यस कारण तपाईंले यस अनुसन्धानका उद्देश्य प्राप्तिका लगि सबैभन्दा उपयुक्त साधनहरूको छनोट गर्नुपर्ने हुन्छ ।

### १. अवलोकन तथा स्थलगत टिपोट

### अवलोकन के हो ?

अवलोकन सामुदायिक कार्यअनुसन्धानकर्ता कुनै पनि बेला प्रयोग गर्न मिल्ने एउटा साधन हो । यसको साधारण अर्थ भनेको समुदायमा तपाईंले अवलोकन गर्ने सबै कुरा तथा गर्ने सम्पूर्ण कार्यले अनुसन्धानका लागि उपयोगी तथ्याङ्क प्रदान गर्दछन् भन्ने विषयमा सचेत हुनु हो । यसले आम मानिसको दैनिक जीवनका बारे बुझ्न मद्दत गर्न सक्दछ । औपचारिक सामूहिक बैठक वा अन्तर्वार्तामा मात्र नभई तपाईंले धेरै प्रकारका अवस्थामा मानिसहरूसँग अन्तर्क्रिया गर्न सक्नुहुन्छ । यस्तो अवलोकन र अन्तर्क्रियामा के देख्नुभयो भनेर तपाईंले लेख्नुभएका कुरालाई हामी स्थलगत टिपोट भन्दछौँ । यो स्थलगत टिपोटले तपाईंले के गर्नुभयो, को-को थिए, के-के भए, के मा छलफल भयो र त्यसबारे तपाईंको के विचार छ आदिका बारे हामीलाई बताउनेछ ।

सहभागितात्मक अवलोकन गर्ने बेला :

- आफूले अवलोकन गरिरहेका क्रियाकलापहरुमा पनि सहभागी हुने, अनि के भइरहेको छ तथा के भनिरहेका छन् अवलोकन गर्ने
- मानिसहरूसँग सम्बन्ध स्थापित गर्ने
- तपाईंले अवलोकन गरिरहनु भएको परिस्थितिको हिस्सा बन्ने
- त्यहाँ भइरहेका क्रियाकलापमा तपाईंको सहभागिताले असर पर्छ भन्ने कुरालाई स्विकार्ने

| पैरवी अनुसन्धानका लागि | प्रभाव अनुसन्धानका लागि |
|---|---|
| • समुदायमा सार्वजनिक सेवा प्रदान गर्ने प्रक्रियाको अवलोकन गर्नुहोस् ।<br>• सायद् तपाईंले समुदायमा स्वास्थ्य चौकी, नगरपालिका कार्यालयको भ्रमण गर्नु हनेछ, त्यहाँ प्रक्रिया र सेवाग्राहीले सामना गर्नुपरेका चुनौतीको अवलोकन गर्नुहोस् ।<br>• सम्भव भए आफैं कुनै निश्चित सेवामा पहुँचका लागि प्रयास गर्नुहोस् र सेवाग्राहीका दृष्टिकोणबाट प्रक्रियालाई बुझ्ने प्रयास गर्नुहोस् । | • श्रोता समूहले सञ्चालन गरेका क्रियाकलाप, साझा सभा तथा PPWG (Public Private Working Group) हरूमा सहभागी हुनुहोस् ।<br>• नियमित रूपमा सृजनशील शाखामा जानुहोस् र त्यहाँ रहेका पत्रकार तथा सञ्चारकर्मीसँग छलफल गर्नुहोस् । |

## स्थलगत टिपोट

अनुसन्धानको पहिलो दिनदेखि कुनै कार्यक्रम अथवा क्रियाकलापबारे टिपोट गर्न वा कार्य सम्पन्न भएपछि सोबारे तुरुन्तै लेख्नका लागि आफूसँग एउटा टिपोट पुस्तिका राख्नुहोस् । तपाईंले अनुसन्धान सुरु भएदेखि नै हरेक दिनको अन्त्यमा आफ्नो टिपोट पुस्तिकामा आफूले अवलोकनमा पाएका कुरा र भएका छलफल तथा अन्तर्क्रियाको सम्पूर्ण जानकारी टिपोट गर्ने बानीको विकास गर्नुपर्दछ ।

'स्थलगत टिपोट' भनेको तपसिलका बुँदालाई विस्तृत रूपमा वर्णन गरी टिपोट गर्नु हो:

- के कार्यक्रम अथवा क्रियाकलाप भएको हो ?
- तपाईंले कोसँग कुरा गर्नुभयो ?
- तपाईंले के अवलोकन गर्नुभयो ?
- तपाईंले यी सबै कुराबारे के सोच्नुहुन्छ ?
- अनुसन्धानका दौरान आगामी दिनमा तपाईंले के कुरामा बढी ध्यान दिनुपर्छ भन्ने विषयमा तपाईंको विचार के छ ?

स्थलगत टिपोटमा धेरै तत्वहरू हुनुपर्दछ :

- यसमा हरेक दिनका मुख्य क्रियाकलाप तथा घटनाको सूचीका बारे उल्लेख गरिएको हुनुपर्दछ : जुन तपाईंले अवलोकन गर्नुभयो, तथा जोसँग तपाईंले कुरा गर्नुभयो । उदाहरणको लागि, श्रोता समूहको बैठकको अवलोकन, समुदायमा सार्वजनिक सेवा प्रदान प्रक्रिया अवलोकन, चिया पसलमा समुदायका सदस्यहरूसँग भएको अनौपचारिक छलफल आदि ।
- तपाईं सहभागी भएको वा तपाईंले सञ्चालन गरेका *हरेक क्रियाकलाप वा घटनाको हरेक जानकारी* यसमा समावेश हुन्छ : तपाईं कहाँ हुनुहुन्छ, को-को थिए, कहिले भयो, मानिसले के भने, उनीहरूले के गरे, आदि इत्यादि । यसमा अनुसन्धानका विशिष्ट क्रियाकलाप (जस्तै : विषय केन्द्रित समूह छलफल) अथवा तपाईंले सहभागिता जनाउनु भएको बैठक वा घटना आदि पनि समावेश गर्न सकिन्छ ।
- यस बाहेक स्थलगत टिपोटमा व्याख्याहरू/अर्थहरू पनि समावेश गरिएका हुन्छन् । तपाईंको विचारमा के भइरहेको थियो ? तपाईं आफैसँग पनि विभिन्न प्रकारका व्याख्या हुन सक्छन् र तपाईं कुन व्याख्या चाहिँ सही हो भनेर निश्चित हुनुहुन्न भने **सबै व्याख्याहरू लेख्नुहोस् !** तपाईंले आफ्ना विचार, मत तथा सिद्धान्त पनि समावेश गर्न सक्नुहुन्छ। साथै, तपाईंले क्रियाकलापहरूमा तपाईंको भूमिकाबारे पनि उल्लेख गर्नुहुनेछ ।
- तपाईंले अनुसन्धानका क्रममा केही भइरहेकै बेला पनि टिपोट गर्न सक्नुहुन्छ । यदि केही घटना वा क्रियाकलाप भइरहेका बेला टिपोट गर्न व्यावहारिक छैन भने त्यो कार्य समापन हुने बित्तिकै पनि वा पछि पनि सकेसम्म छिटो टिपोट गर्न सक्नुहुन्छ ।
- अन्तर्वार्तामा भएका छलफल तथा मुख्य बुँदा पनि यसमा समावेश गरिनुपर्दछ। अन्तर्वार्ताको बेला सोको लिखित प्रतिलिपि छुट्टै हुने भएता पनि तपाईंले अन्तर्वार्ता लिने व्यक्तिको वर्णन तथा बसोबास गर्ने स्थान, सो व्यक्तिका बारे तपाईंको सम्पूर्ण मत, अन्तर्वार्ता भएको ठाँउ तथा अन्तर्वार्ता,

अन्तर्वार्ता दिने व्यक्तिले भनेका कुरामा तपाइँको व्याख्या आदि समावेश गरी अन्तर्वार्ताका बारे तपाइँले पुस्तिकामा लेख्नुपर्दछ ।

## २. अन्तर्वार्ता

अन्तर्वार्ता तपाइँ र अर्को व्यक्तिबीच निर्दिष्ट ढाँचामा गरिने छलफल हो । अन्तर्वार्ताका लागि पहिला नै योजना बनाउन जरुरी छ । तपाइँले सोध्ने प्रश्नका बारे मात्र सोच्ने होइन, बरु आफ्ना प्रश्नहरूको सबैभन्दा उत्तम क्रम कुन हो तथा प्रश्नलाई कसरी राख्दा सबैभन्दा उत्तम हुन्छ भन्ने बारे पनि सोच्नुपर्दछ । तपाइँले अन्तर्वार्तामा निश्चित प्रश्न सोध्ने कि नसोध्ने तथा कति वटा प्रश्न सोध्ने भन्ने विषयमा लचिलो हुन जरुरी छ । प्रायश: मानिसहरू धेरै प्रश्नहरू सोध्दा भन्झट वा झर्को मान्ने गर्दछन् । यसो भएमा उनीहरूले आफूले जे सोच्छन् त्यो उत्तर नदिई छोटो उत्तर दिन थाल्दछन् वा त्यही कुराहरू भन्दछन् जुन उनीहरूको विचारमा तपाइँले सुन्न चाहानुहुन्छ ।

**अन्तर्वार्ताका लागि प्रश्न बनाउने सम्बन्धमा सुझावहरू**

अन्तर्वार्ताका लागि प्रश्नहरूको सूची तयार पार्नु अगाडि **तपाइँले अन्तर्वार्ता लिने व्यक्तिका बारे सोच्नुहोस् ।** तपाइँले तयार गर्नु भएका प्रश्न अन्तर्वार्तामा संलग्न निश्चित व्यक्ति र परिस्थितिलाई उपयुक्त हुनुपर्दछ । तपाइँले तयार गर्नुभएको प्रश्नका शब्दहरू अन्तर्वार्ता दिने व्यक्तिले सजिलै बुझ्ने हुनुपर्दछ । संवेदनशील विषयमा अन्तर्क्रिया गर्नका लागि प्रश्न तयार पार्दा विशेष ध्यान दिनुपर्दछ ।

**हरेक प्रश्नको उद्देश्य रहेको सुनिश्चित गर्नुहोस् :** कहिलेकाँहि सूचीमा धेरै प्रश्नहरू राख्नु आर्कषक लाग्छ । तर, तपाइँले धेरै प्रश्न समावेश गर्नु भए अन्तर्वार्ता एकदमै लम्बिन्छ, अन्तर्वार्ता दिने व्यक्तिले थकान वा दिक्दारी महसुस गर्न सक्दछ र सायद् तपाइँले सम्पूर्ण प्रश्न सोधन भ्याउनुहुन्न । त्यसैले, हरेक प्रश्नको उद्देश्य हुनुपर्दछ र ती प्रश्नहरू अनुसन्धानको समग्र लक्ष्यसँग कसरी सम्बन्धित छन् भन्ने कुरामा ध्यान दिनुपर्दछ । यदि प्रश्न प्रासङ्गिक छैन भने त्यसलाई हटाइनुपर्दछ ।

**सबैभन्दा उत्तम ढङ्गले प्रश्नहरूको क्रम मिलाउनुहोस् :** छलफल गरिने विषय अनुसार प्रश्नहरूको वर्गीकरण गर्नुपर्दछ । अनुसन्धानका लागि सबैभन्दा महत्वपूर्ण प्रश्नहरू अगाडि राखिनुपर्दछ ।

**सुरुमा सामान्य प्रश्नहरू सोध्नुहोस् :** अन्तर्वार्ता दिने व्यक्तिको पृष्ठभूमिसँग सम्बन्धित सामान्य प्रश्नहरूबाट अन्तर्वार्ता सुरु गर्दा राम्रो हुन्छ । उनीहरूको उमेर, कामको प्रकार, शैक्षिक अवस्था, कहिलेबाट उनीहरू श्रोता क्लब अथवा संस्थामा आबद्ध छन् तथा अरू उपयुक्त सूचनाहरू यसमा समावेश हुन्छन् । अन्तर्वार्ता दिने व्यक्तिको पृष्ठभूमिसँग सम्बन्धित संवेदनशील प्रश्नहरू अन्तर्वार्ताको अन्त्यतिर अन्तर्वार्ता दिने व्यक्तिले अझ बढी सहज महसुस गर्न थालेपछि सोधिनुपर्दछ ।

**उत्तर प्रभावित पार्ने (लिडिङ्) प्रश्नबाट टाढा रहनुहोस् :** कुनै प्रश्नमा आफैंभित्र सम्भावित उत्तर नै हुन्छन् तथा तिनले अन्तर्वार्ता दिने व्यक्तिलाई त्यस्तै प्रकारको/प्रश्नमै भएको उत्तर दिनका लागि प्रभावित गर्दछन् । उदाहरणका लागि, तपाइँको क्षेत्रमा सार्वजनिक सेवा लिने क्रममा तपाइँको अनुभव कतिको नराम्रो छ ? यो प्रश्नले अन्तर्वार्ता दिने व्यक्तिको उत्तरभन्दा पहिला नै उसको अनुभव नराम्रो थियो भन्ने मानिसकेको छ । त्यो प्रश्नभन्दा राम्रो प्रश्न "तपाइँको क्षेत्रमा सार्वजनिक सेवा लिने क्रममा तपाइँको अुनभव कस्तो रहेको छ ?" हुन सक्छ ।

| |
|---|
| **एक पटकमा एउटा प्रश्न सोध्नुहोस् :** एकै पटकमा दुई वटा प्रश्न सोध्नुभन्दा दुई वटा फरक-फरक प्रश्न सोध्दा बढी उपयुक्त हुन्छ । यसले गर्दा अन्तर्वार्ता दिने व्यक्ति अल्मलिने सम्भावना कम हुन्छ । |

**अनुसन्धानमा अन्तर्वार्ताको प्रयोग**

| पैरवी अनुसन्धानका लागि | प्रभाव अनुसन्धानका लागि |
|---|---|
| • सार्वजनिक सेवाको पहुँच र प्रयोगका क्रममा आएका चुनौती र सवालकाबारे बुझ्न धेरैभन्दा धेरै क्षेत्रका समुदायका सदस्यहरूलाई समावेश गर्ने गरी अन्तर्वार्ता लिनुहोस् । विशेष गरी सीमान्तीकृत समूहलाई समावेश गर्नुहोस् ।<br>• मुख्य सरोकारवालाहरू, स्थानीय प्राथमिकतामा रहेका क्षेत्रका सरकारी अधिकारीको पहिचान गर्नुहोस र उनीहरूसँग वर्तमान अवस्था, सार्वजनिक सेवा प्रदानसँग सम्बन्धित चुनौती र ती चुनौतीको सामना गर्न चालिएका कदमकबारे धेरैभन्दा धेरै जानकारी लिन उनीहरूसँग अन्तर्वार्ता लिनुहोस् ।<br>• सुमदायबाट थप सूक्ष्म जानकारी वा अन्तर्दृष्टिका लागि समुदायका अगुवा, धार्मिक अगुवा तथा अरू प्रभावशाली व्यक्तिहरूसँग अन्तर्वार्ता लिनुहोस् । | • श्रोता समूहका क्रियाकलाप, चुनौती तथा अवसर बारे थाहा पाउनका लागि तिनका सदस्यहरू तथा सहजकर्ताहरूसँग सामुदयिक कार्यका लागि गहन अन्तर्वार्ता सञ्चालन गर्नुहोस् ।<br>• परियोजनामा उनीहरूको संलग्नताले उनीहरू आफैँको र समुदायमा कस्तो प्रभाव पारेको छ भन्ने बुझ्न रेडियो कार्यक्रम निर्माता, नागरिक समाजका संस्थाका कर्मचारी, नागरिक सचेतना समूहका सदस्य तथा परियोजनामा प्रत्यक्ष काम गरिरहेकाअरूको अन्तर्वार्ता लिनुहोस् । |

**गहन अन्तर्वार्ता**

सामुदायिक कार्यअनुसन्धानकर्ताका रूपमा तपाईंले धेरै प्रकारका गहन अन्तर्वार्ता सञ्चालन गर्न सक्नुहुन्छ :

- **घरधुरी अन्तर्वार्ता :** शाब्दिक रूपमा घरधुरी अन्तर्वार्ता भनेको अन्तर्वार्ता दिने व्यक्तिहरूका घरमै गएर अन्तर्वार्ता लिनु हो जहाँ उनीहरूले सहज महसुस गर्दछन् र तपाईंले उनीहरूका निजी ठाउँ देख्न र त्यहाँ कुरा पनि गर्न सक्नुहुन्छ । तपाईंले घरको एक जना व्यक्तिसँग मात्र वा त्यस घरका अरू सदस्यसँग पनि अन्तर्वार्ता लिन सक्नुहुन्छ । यो छलफल एकदमै अन्तरङ्ग र व्यक्तिगत पनि हुन सक्छ । अन्तर्वार्ता दिने व्यक्तिका भावना, उनीहरूको पारिवारिक सम्बन्ध, आर्थिक अवस्था, जीवनका उद्देश्य आदिबारे पनि छलफल हुन सक्छ, ।

- **मुख्य सूचक वा समुदायका महत्वपूर्ण व्यक्तिसँग अन्तर्वार्ता :** उदाहरणका लागि, स्थानीय रेडियो स्टेसनका व्यक्ति, शिक्षक, व्यापारी, धार्मिक अगुवा, स्वास्थ्यकर्मी अथवा राजनीतिक दलका नेतासँग तपाईं अन्तर्वार्ता लिने चाहाना राख्न सक्नुहुन्छ । यो अन्तर्वार्ता उनीहरूको कार्यालयमा सञ्चालन

गर्न सकिन्छ र यो सम्भवतः कम व्यक्तिगत हुन्छ । तपाईंको अर्को उद्देश्य भनेको उनीहरूका व्यावसायिक दृष्टिकोण तथा अनुभवका आधारमा समुदाय र यसका समस्याहरूलाई उनीहरूले कसरी बुझ्छन् भन्ने थाहा पाउनु पनि हो ।

- **श्रोता समूहका सदस्य, विगत र वर्तमान सम्बन्धी अन्तर्वार्ता :** यसको उद्देश्य भनेको उनीहरूको दैनिक जीवनसँग आफ्नो समूह र रेडियो कार्यक्रमको कस्तो सम्बन्ध छ र त्यसलाई कसरी प्रयोग गर्छन्, कस्ता प्रकारका क्रियाकलाप सञ्चालन गरेका छन् तथा ती क्रियाकलाप कति प्रभावकारी साबित भएका छन्, अनि उनीहरूको जीवन र समुदायमा यो कसरी मेल खान्छ, यी कुराहरूले कस्तो प्रभाव पारेका छन् भन्ने बारे थाहा पाउनु हो ।

## ३. समूह केन्द्रीत छलफल

सामूहिक अन्तर्वार्तालाई कहिलेकाँहि ‘सम’’ह केन्द्रीत छलफलसम’’ह केन्द्रीत छलफल भनिन्छ । यो एकल वा गहन अन्तर्वार्ताभन्दा फरक हुन्छ किनभने यसमा अन्तर्वार्ताका बेला एउटै समयमा एकभन्दा बढी अन्तर्वार्ता दिने व्यक्ति समावेश हुन्छन् र यो एउटा निश्चित विषयमा सामूहिक छलफल गराउने उद्देश्य सहित तयार गरिएको हुन्छ ।

समूह छलफलका लागि विभिन्न व्यक्तिहरूको छनोट गर्दा सहभागीको लिङ्ग, वर्ग, जात वा धर्म तथा यिनले शक्ति सम्बन्धलाई कसरी प्रभाव पार्छन् भन्ने विषय लगायतका विभिन्न सवाललाई ध्यान दिनुपर्छ । कुनै कुनै मिश्रित समूहमा, केही व्यक्ति अरू सहभागीभन्दा बोल्नलाई सहज तथा आत्मविश्वासी महसुस गर्दछन् । जस्तै : सहभागीमध्ये उमेरका हिसाबले पाका व्यक्तिहरू छलफलका दौरान युवाहरूमाथि हाबी हुन सक्छन् वा महिलाभन्दा बढी पुरुषहरूले बढी मात्रामा आफ्नो विचार राख्न सक्छन् । यसले समूहको गतिशीलतालाई परिवर्तन गर्न सक्छ र समूह छलफलबाट तपाईंले प्राप्त गर्ने सूचनालाई प्रभावित पार्न सक्छ ।

समूह छलफलको ध्येय भनेको खुल्ला र इमान्दार छलफललाई प्रोत्साहान गर्नु हो । त्यसैले, समान सामाजिक हैसियत, लिङ्ग, वैवाहिक अवस्था तथा शिक्षा भएका छ देखि १० जनाको एउटा समूह बनाउनु सबैभन्दा उपयुक्त हुन्छ । कुनै बेला मिश्रित समूहको छलफलमा कस्ता प्रकारका फरक विचारहरू अगाडि आउँछन् भन्ने हेर्न रमाइलो त हुन्छ तर यदि तपाईंले यो गर्नु हुन्छ भने त्यो छलफलको शक्ति सम्बन्धबारे तपाइँ सजग हुन जरुरी छ । शक्ति, लिङ्ग, साक्षरता तथा संवेदनशील सवाललाई कसरी सम्बोधन गर्ने भन्नेबारे थप जानकारी तल अर्को पाउन सक्नुहुन्छ ।

समूह केन्द्रीत छलफल मा तपाईंको भूमिका भनेको सुरु गर्नु हो र त्यसपछि तपाईंले बैठकलाई यसरी सहजीकरण गर्नुपर्छ कि उनीहरू स्वतस्फूर्त रूपमा कुराकानीमा सहभागी होऊन् । उनीहरूले व्यक्तिगत छलफलमा अगाडि नआएका सवालहरूको उठान गर्नुपर्छ । समूह छलफलका लागि तपाइँ समूहमा आउँदा सावधानीपूर्व परिभाषित गरिएका छलफल गर्नुपर्ने विषय तथा छलफललाई अगाडि बढाउन प्रोत्साहान गर्ने विधि (जस्तै : निर्देशित प्रश्न र/वा सहभागितात्मक तरिका) सहित आउनुपर्दछ । छलफलमा कुनै अनपेक्षित घटना आउन र यसबाट छलफललाई प्रभावित हुन नदिई छलफलका विषयमा मात्र केन्द्रित भई आफ्नो समूह छलफलको उद्देश्य पूर्ति गर्न सक्नु नै सही अर्थमा राम्रो सीप हो । यसका लागि तपाईंले पूर्वानुमान नगरी ध्यानपूर्वक सुन्नुपर्दछ ।

**अनुसन्धानमा केन्द्रित समूह छलफलको प्रयोग**

| **पैरवी अनुसन्धानका लागि** | **प्रभाव अनुसन्धानका लागि** |
|---|---|
| • स्थानीय युवा समूह, महिला समूह वा सीमान्तीकृत समुदायका अरू समूहको पहिचान गर्नुहोस् ।<br>• सार्वजनिक सेवाको पहुँचमा उनीहरूले सामाना गरेका चुनौती र अवरोधका विषयमा छलफल गर्न उनीहरूसँग संयुक्त रूपमा भेट्नुहोस् ।<br>• निश्चित नीति वा अभ्यासका बारे उनीहरू जानकार छन् कि छैनन् र के ती नीति पर्याप्त छन् वा ती नीतिलाई सुधार्न केही सुझाव छ कि भन्ने विषयमा छलफल गर्न सक्नुहुन्छ ।<br>• यदि तपाईंले महिला समूहसँग कुरा गर्नुभयो भने पुरुषको समूहसँग पनि कुरा गर्न प्रयास गर्नुहोस् ता कि तपाईंले महिला पुरुष दुवैको अनुभव दाँज्न सक्नुहुन्छ । | • श्रोता समूह, नागरिक सचेतना समूह, रेडियो कार्यक्रम निर्माता तथा परियोजनाका क्रियाकलापमा प्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरूसँग केन्द्रित समूह छलफल सञ्चालन गर्नुहोस्, जसले गर्दा परियोजनाका सन्दर्भमा विभिन्न समूहले सामना गरेका चुनौती तथा पाएका सफलताको बारे बुझ्नलाई मद्दत पुग्नेछ ।<br>• केही सामुदायिक कार्यपछि श्रोता समूहसँग केन्द्रित समूह छलफल गरेमा यसले सो क्रियाकलापहरूका बारेमा समूहको विचार बुझ्नलाई मद्दत गर्दछ (यस कार्यका बारे उनीहरूको दृष्टिकोण थाहा पाउनका लागि यो सामुदायिक कार्यमा सहभागी समुदायका सदस्यहरूका अन्तर्वार्ता लिनु राम्रो हुन सक्छ) । |

**छलफल क्रम**

छलफलको सुरुवात गर्नुहोस् । तपाईंले चाहेका विषयबारे थाहा पाउनका लागि गरिने छलफललाई प्रोत्साहित गर्ने विभिन्न तरिका छन् :

- केही सवालको संक्षिप्त प्रस्तुतीकरण
- तस्बिर अथवा रेडियो क्लिप
- सहभागितात्मक तरिकाहरू, जस्तै : समयरेखा, बाटो अवरोध अथवा 'चित्र'
- भित्ते चार्ट तथा पोस्टर
- छलफलका लागि विषय तथा प्रश्नहरूको सूचीलाई एउटा लामो कागजमा लेख्न सकिन्छ । (तर कुनैकुनै समूहमा लेखपढ गर्न नजान्ने निरक्षर व्यक्ति पनि समावेश हुन सक्छन् ।)

**अन्तर्वार्ता सुरु भएपछि**

- सेतो पाटी वा ठुलो कागजमा मुख्य बुँदा लेख्नुहोस र समूहलाई सोध्नुहोस् : के उनीहरू ती बुँदासँग सहमत छन् ? (यसो गर्दा समूहमा निरक्षर सहभागीका विषयमा संवेदनशील र सजग रहनुहोस् ।)
- आफ्ना बुँदालाई चित्र मार्फत् प्रस्तुत गर्नका लागि सहभागीलाई भन्नुहोस् ।
- छलफलमा हरेक सहभागीलाई समावेश गर्नुहोस्, हरेक सहभागीलाई छलफलका विषयमा र एक अर्काले राखेका विचारमा टिप्पणी गर्नका लागि आग्रह गर्नुहोस् ।
- कुनै सहभागीले अरूलाई मौका नदिई बोलिरहेका छन् भने उनलाई नम्र तरिकाले अरूको विचार सुन्न पनि उत्तिकै महत्वपूर्ण रहेको जानकारी दिनुहोस् ।
- ‘यस विषयमा तपाईंको के विचार छ ? त्यस्तै प्रकारका केही कुराहरू तपाईं पनि भन्न चाहानुहुन्छ कि ?’ जस्ता प्रश्न सोधी कम आत्मविश्वासी सहभागीलाई सहभागिता जनाउनका लागि प्रोत्साहान गर्नुहोस् ।
- सबै सहभागीहरूले उनीहरूका दृष्टिकोण समान रूपमा महत्वूर्ण रहेको भन्नेबारे बुझेको सुनिश्चित गर्नुहोस् ।
- उनीहरूका कुराकानीमा कहिल्यै पनि आफ्ना विचार नराख्नुहोस् । तपाईंको भूमिका भनेको सहजीकरण, अवलोकन र टिपोट गर्ने हो ।

**अन्तर्वार्ताको अभिलेखीकरण**

गहन अन्तरवर्तामा जस्तै समूह अन्तर्वार्ता हुँदा छलफलको रेकर्ड गरी पछि त्यसको लिखित प्रति बनाउनु फाइदाजनक नै हुन्छ । छलफलमा धेरै सहभागी हुन्छन्, त्यसैले कसले के भने भन्ने कुरा सङ्केत गरी टिपोट गर्दा फाइदाजनक हुन्छ । अन्यथा पछि अभिलेखीकरणका क्रममा ती कुराहरू सुनेर पत्ता लगाउन झन्झटिलो हुन्छ ।

समूह अन्तर्वार्तालाई पछि अभिलेखीकरण गर्न सम्भव हुँदैन भने त्यति नै बेला छलफलको विस्तृत टिपोट गर्न आवश्यक हुन्छ । यस्तो टिपोटले कसले के भन्यो भन्ने सम्झनलाई मद्दत गर्छ । यसले गर्दा छलफलमा

आएका कुनै सवाल वा विषयका बारे अन्तर्वार्तापछि पनि थाहा पाउन मन लाग्यो भने तपाईंले सजिलै ती विषयमा सूचना पाउनुहुनेछ । प्रायशः सही सीप भएका अन्य सामुदयिक अनुसन्धाता वा स्वयंसेवकसँग मिली समूह अन्तर्वार्ता लिनुभयो भने यो एकदमै फाइदाजनक हुन्छ । तपाईंहरू मध्ये एक जनाले सहजीकरण गर्न सक्नुहुन्छ भने अर्कोले टिपोट ।

हरेक पद्धतिका आफ्नै सबल पक्ष र कमजोर पक्ष हुन्छन् भन्ने स्विकार्न जरुरी छ । केही व्यक्तिहरू कुनै कुनै विषयका बारे समूह छलफलमा कुरा गर्न अप्ठेरो महसुस गर्न सक्छन् । फरक अवस्थामा, यदि छलफल वा बहस अगाडि बढ्दै जान्छ भने यसले केही व्यक्तिलाई अरू अवस्थामा उनीहरूलाई अप्रासङ्गिक लाग्ने कुरा पनि बताउन मन लाग्न सक्छ । सम्बन्धित विषय तथा आफूले काम गरिरहेका व्यक्तिको जीवनमा तिनको उपयोगिता बारे तपाईं बुझ्दै हुनुहुन्छ भन्ने सुनिश्चित गर्ने एक मात्र उपाय भनेको विभिन्न पद्धतिको प्रयोगबाट कुनै सवालका बारे खोजबिन गर्नु नै हो ।

**सहजीकरण**

सहजीकरण भनेको छलफल वा अनुसन्धान पद्धतिको प्रयोगका माध्यमबाट व्यक्तिहरूका समूहलाई बुझ्नका लागि र अनुसन्धान अन्तर्वार्तामा सहभागी हुनका लागि सहयोग गर्नु हो । सहजकर्ताले समूहलाई लाभदायक छलफल सञ्चालन गर्नका लागि तथा सहभागीलाई आफ्नो मनमा लागेका कुरा निर्धक्क राख्नका लागि अनि महत्वपूर्ण निष्कर्षमा पुग्नका लागि मद्दत गर्दछ ।

सहजीकरण समुदायमा सफल अनुसन्धान सञ्चालन गर्नका लागि आवश्यक सीप हो । सहजकर्ताले छलफललाई दिशा प्रदान गर्छ तर कहिल्यै आफ्ना विचार थोर्पदैन । उनीहरूले समूहलाई एक ठाउँमा ल्याउँछन्, अनुसन्धानको उद्देश्यको व्याख्या गर्छन् तथा छलफललाई निर्देशित गर्छन् । त्यसैल समूहमा भएका व्यक्तिहरूसँग आफ्नो सहजीकरण सीपबारे प्रतिक्रिया लिनुहोस् । उनीहरूका सल्लाहले तपाईंलाई अझ बढी राम्रो सहजकर्ता बनाउनका लागि मद्दत गर्दछन् ।

**एक राम्रो सहजकर्ताले :**

- अनुसन्धानको/केन्द्रित समूह छलफलको उद्देश्यबारे सहभागीलाई प्रष्टसँग बताउँदछ ।
- त्यस छलफलको उद्देश्य प्राप्तिका लागि समूहका हरेक सदस्यले सँगै मिलेर काम गरेको कुरा सुनिश्चित गर्दै समूहले पालना गर्नुपर्ने आधारभूत नियमका बारे बताउँदछन् ।
- सक्रिय रूपमा सबैको विचार सुन्दछ । साथै हरेक व्यक्तिले एक अर्काको कुरा सनेको र बुझेको जाँच गरी त्यसको सुनिश्चितता गर्दछ ।
- अरू व्यक्तिको मत तथा विचारमा आफूले चासो राखेको देखाउँदै प्रभावकारी प्रश्न सोध्दछ ।
- सबैलाई बोल्नका लागि प्रोत्साहान गर्दछ ।
- अरूले बोलेका कुरामा चासो देखाउँदछ ।
- छलफलको अन्त्यमा के के भनियो भनी मुख्य बुँदाको संश्लेषण गर्दछ ।
- छलफलको बहाबलाई निर्देशित गर्ने गरी प्रश्न र क्रियाकलापको तयारी पहिल्यै गर्दछ ।
- व्यक्तिहरूलाई उत्तर दिनका लागि समय दिन्छ र व्यक्तिहरूले सोचिराखेका बेलाको मौनतासँग सहज महसुस गर्दछ ।
- छलफललाई राम्रो बनाउँदछ र  सहभागीताका लागि अरूलाई प्रोत्साहन गर्दछ ।

***उत्तम सुझाव : सहजकर्ताले समूह बैठक सुरु गर्नुभन्दा अगाडि नै त्यस्को योजना बनाउँछन् । उनीहरूले विभिन्न अनुसन्धान पद्धतिलाई कसरी प्रयोग गर्ने वा कसरी समूह छलफल अगाडि बढाउने विषयमा ध्यानपूर्वक सोच्दछन् ।***

## ४. सहभागितात्मक साधन तथा विधि/तरिकाहरू

सहभागितात्मक तरिकाहरू समुदायका सदस्यहरूलाई आफ्ना विचार, सवाल तथा मतलाई सहभागितात्मक ढङ्गले राख्नका लागि उनीहरूलाई छलफलमा संलग्न गर्न र प्रोत्सहान गर्नका लागि तपाईंले प्रयोग गर्ने साधन हुन् । सहभागितात्मक विधि धेरै प्रकारका छन्, जस्तै : प्रभाव रेखाचित्र, समयरेखा, जिम्मेवारी बाँडफाँड, मार्ग अवरोध, सेवा नक्साङ्कन, मुख्य प्रभावशाली व्यक्ति नक्साङ्कन तथा अरू । सामान्यतया, तपाईं र अर्को एक जना सहभागी मात्र छलफलमा सक्रिय सहभागी हुन सक्ने खतरा भएता पनि यी तरिकाहरूले आठ जनासम्मको सानो समूहमा राम्रोसित काम गर्दछन् । तपाईंलाई तथ्याङ्क सङ्कलनको कार्य सुरुवात गर्नका लागि सघाउ पुऱ्याउन र स्थानीय क्षेत्र, स्थानीय समुदायहरू तथा स्थानीय सवालका बारे प्रभावकारी बुझाईका लागि तपाईंलाई मद्दत गर्ने गरी यी विधि तयार गरिएका छन् । छलफलमा सहभागीहरूलाई अझ बढी सक्रिय रूपमा सहभागी गराउनका लागि यिनले सहयोगी भूमिका खेल्दछन् । सवालहरूका बारे विभिन्न रूपमा जानकारी हासिल गर्न र अरू साधन प्रयोग गरी आएका तथ्य वा विचारको परीक्षण गर्नकालागि यी तरिकाहरू अनुसन्धान सत्रको दौरान कुनै पनि बेला प्रयोग गर्न सकिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा भनेको, स्थानीय व्यक्तिहरूलाई आफ्नो सवाल आफैं पहिचान गर्न र समाधान खोज्नका लागि उनीहरूलाई नै सहभागी गराउन यी साधनहरू एकदमै उपयोगी छन् । यी पद्धतिहरू सहभागीलाई आफ्नो समस्या र व्यवधानका बारे सचेत गराउनका लागि र समूहको सहमति चाहिने अवस्थामा वा संयुक्त कार्य गर्नुपर्ने अवस्थामा तुरुन्तै समूह छलफलका सहभागीहरूबीच समान विचार बनाउनका लागि एकदम प्रभावकारी छन् । यी तरिकाहरूको प्रयोगबाट सहभागीहरूले बनाएका रेखाचित्र तथा चार्टहरू सामुदायिक कार्यअनुसन्धानकर्ता प्रष्ट र सरल ढङ्गले समुदायका अन्य सदस्यहरू, सरकारी अधिकारी, गैसस तथा साझेदारहरूसँग अप्ठेरा सवालहरू सञ्चार गर्ने माध्यम पनि हुन् ।

आफ्नो कार्य सम्पादन गर्ने क्रममा एकभन्दा बढी तरिकालाई कसरी मिलाउन सकिन्छ भन्ने सोच्नुहोस्, र यथार्थ/सतहमा के भइरहेको छ भन्ने कुराको अझ बढी जटिल चित्रण गर्नका लागि यी तरिकाहरूलाई अरू साधनहरूसँग पनि मिलाउनुहोस् । सहभागितात्मक तरिकाले तपाईंलाई छिटो सूचना सङ्कलन गर्न मद्दत गर्दछ, र अन्तर्वार्ता प्रश्न सूची तयार पार्नका लागि ती सूचनालाई मार्गदर्शकका रूपमा प्रयोग गर्न सकिन्छ । समान रूपमा, व्यक्तिहरूको सानो समूहको अन्तर्वार्तामा अगाडि आएका सवालका बारे थप जानकारी हासिल गर्नका लागि पनि ती तरिकाहरू प्रयोग गर्न सकिन्छ । यी तरिकाहरू प्रयोग गर्नका लागि समूह बैठक सञ्चालन वा व्यक्तिहरूलाई भेट्ने कार्य उनीहरूको घरमा गएर पनि गर्न सकिन्छ । धेरैजसो मानिसहरू भेला हुने ठाउँ गएर यी तरिका प्रयोग गर्नु पनि राम्रो हुन सक्छ । यी तरिकाहरूलाई तुरुन्तै सिकाउन सकिन्छ । त्यसपछि सहभागीले घरमा गएर आफैं वा उनीहरूका परिवार र साथीहरूसँग पनि यी तरिकाहरूको प्रयोग गर्न सकिन्छ । त्यसपछि उनीहरूका अनुभवबारे तपाईंसँग छलफल गर्नका लागि आफूले तयार गरेका रेखाचित्र वा चार्ट सहित तपाईंकहाँ फर्कर आउन सक्छन् ।

तपाइँले काम गरिरहनु भएको परिस्थिति अनुकूल हुने गरी तरिकाहरूको प्रयोग गर्नुहोस् र सहभागीलाई भन्नका लागि केही उदाहरणहरू तयार गर्नुहोस् । सहज वातावरण बनाई सहभागीले तपाइँलाई र एक अर्कालाई चिनून् भन्ने हेतुले केही तरिकालाई आइस ब्रेकरका रूपमा प्रयोग गर्नुहोस । तपाइँको अनुसन्धानको आवश्यकता अनुसार ती तरिकाहरूलाई लचिलो भई प्रयोग गर्नुहोस् । तपाइँले नेतृत्व नलिई सहभागीलाई नै छलफलको नेतृत्व लिन दिनुहोस् । धेरैजसो तरिकाहरू दृश्यात्मक छन् । तिनका चित्रहरूलाई जटिल स्थानीय सवालका बारे बुझ्नका लागि प्रयोग गर्न सकिन्छ । यिनीहरू सरल तरिका हुन जसमा सामान्य वस्तु तथा चिह्नको प्रयोग गर्न सकिन्छ । यसले गर्दा निरक्षर व्यक्तिहरू पनि सहभागी हुन सक्छन् ।

### उदाहरण १ : समुदाय नक्साङ्कन

तपाइँले समुदाय अुनसन्धानकर्ताका रूपमा सम्भवतः समुदाय वा गाउँको नक्सा, माकुरी जालो रेखाचित्र लगायत धेरै प्रकारका नक्साङ्कन तरिकाको प्रयोग गर्नुहुनेछ । सम्बन्ध तथा कुराहरू कसरी एक अर्कासँग जोडिएका छन् भन्नेबारे एवं हाम्रो क्रियाकलापका प्रभावबारे छलफल अगाडि बढाउनका लागि नक्साहरू उपयोगी हुन्छन् । अनुसन्धान क्रियाकलापमा विभिन्न सहभागीको अनुभव र दृष्टिकोण बुझ्नका लागि यिनीहरू एकदम उपयोगी हुन्छन् ।

### समुदाय नक्साङ्कन के हो ?

समुदाय नक्साङ्कनमा व्यक्ति वा समूहलाई आफ्नो समुदायको नक्सा बनाउन, समुदायमा भएका सुविधाहरू, समूहहरू, भवनहरू आदि पहिचान गर्नका लागि आग्रह गरिन्छ ।

### समुदाय नक्साङ्कन कसरी प्रयोग गर्ने ?

समूहका सहभागीहरूलाई कागज र कलम दिनुहोस र उनीहरूलाई आफ्नो समुदायको नक्सा बनाउनका लागि आग्रह गर्नुहोस् । समूहका हरेक सदस्यलाई आफ्नो छुट्टै नक्सा बनाउनका लागि पनि आग्रह गर्न सक्नुहुन्छ र त्यसपछि हरेकको नक्सा एकअर्कासँग दाँज्न सक्नुहुन्छ । अथवा, समूहका सबै सदस्यहरूलाई मिलेर एउटा साझा नक्सा बनाउनका लागि आग्रह गर्न सक्नुहुन्छ ।

मन्दिर कहाँ छ ?
पसलहरू कहाँ छन् ?
कहाँबाट बस चढ्नुहुन्छ ?
मानिसहरू कहाँ जम्मा हुन्छन् ?
सबै भन्दा राम्रो भूमि कहाँ छ ?
सबै भन्दा गरिब घरहरू कता छन् ?

नक्सा बनाएपछि तपाइँ यस्तै अरू धेरै प्रश्नहरू पनि सोध्न सक्नुहुन्छ । नक्सामा देखाइएका स्थल आकृतिहरू, गाउँ वा समुदायको महत्वपूर्ण विशेषताका विषय छलफलका लागि सुरुवाती विन्दु हुन सक्छन् ।

## समुदाय नक्साङ्कनको प्रयोग किन गर्ने ?

यो एउटा महत्वपूर्ण अनुसन्धान क्रियाकलाप हो जसले सहभागीहरूलाई आफ्नो समुदाय कस्तो छ, यहाँ के-के कुरा छन् वा के-के छैनन् (राम्रो र नराम्रो दुबै) आदिका बारे भन्न सुरु गर्नका लागि मद्दत गर्दछ। उनीहरू आफू कहाँ बस्छन् भन्ने विषयमा सोच्न र सबैको फाइदाका लागि समुदायको स्थान/ठाउँ रूपान्तरण गर्नका लागि पैरवीकर्ता वा हिमायती बन्नलाई प्रोत्साहित गर्नका लागि पनि यो तरिका सहयोगी हुन सक्छ। समुदाय नक्सामा महत्वपूर्ण स्थान (जस्तै : मन्दिर तथा चर्च, बजार, विद्यालय, अस्पताल, मनोरञ्जनका स्थानहरू तथा बैठक गर्ने स्थानहरू) समावेश गर्न सकिन्छ। यातायात मार्गहरू पनि नक्सामा समावेश गर्न सक्नुहुन्छ।

समुदाय नक्साङ्कन फरक मानिसहरूले आफ्नो स्थानीय क्षेत्रलाई कसरी फरक तरिकाले हेर्दा रहेछन् भन्नेबारे सिक्नका लागि पनि राम्रो तरिका हो। उदाहरणका लागि, पुरुषले बनाएको समुदाय नक्साभन्दा महिलाले बनाएको नक्सा धेरै हदसम्म फरक हुन्छ। यदि महिलालाई उस्को लिङ्ग, जात वा जातीयताका आधारमा कुनै ठाउँमा जान दिइएको छैन भने त्यस स्थान सम्भवतः महिलाले बाएको नक्सामा नदेखिन पनि सक्दछ। त्यस्तै पुरुषले सामुदायिक खानेपानी भएको स्थान आफ्नो नक्सामा समावेश नगर्न पनि सक्दछ किनभने घरायसी प्रयोजनका लागि त्यहाँ पानी लिन जाने कार्य उनकी श्रीमतीले गर्ने गरेको हुन सक्छ।

## नक्सालाई कसरी प्रयोग गर्न सकिन्छ ?

तपाईंले समुदायका विभिन्न समूह, जस्तै : महिला, पुरुष, बालबालिका, पेसाकर्मी, नेता, विभिन्न जातिका समूह, अपाङ्गता भएका व्यक्तिहरूलाई सोही स्थानकै छुट्टाछुट्टै नक्सा बनाउन लगाउनुपर्दछ। त्यसपछि तपाईंले ती नक्साहरू एकअर्कासँग दाँज्नुपर्दछ र नक्साहरूमा भएका महत्वपूर्ण फरकको टिपोट गर्नुपर्दछ किनभने यी फरकहरू पहिचान गर्नु तपाईंको अनुसन्धान क्रियाकलापको महत्वपूर्ण हिस्सा हो।

यो नक्साङ्कन अभ्यासबाट खोजिएको निष्कर्ष सम्बन्धी विशिष्ट लक्ष्य तपाईंको दिमागमा पहिला नै हुन सक्छ। तर तपाईंले सोचे अनुसार भएन भने पनि चिन्तित नहुनुहोस्। समूहहरूलाई आफ्नो समुदायको नक्सा बनाउन दिंदा उनीहरूले बसोबास गर्ने ठाउँमा उनीहरूको अनुभव कस्तो रह्यो भन्नेबारे तपाईंले धेरै सिक्न पाउनुहुन्छ, अनि निश्चित रूपमा तपाईंको अनुसन्धान र यसलाई कसरी दिशा दिने भन्नेबारे नयाँ तरिकाले सोच्न थाल्नुहुन्छ। एक चोटि नक्सा बनाएपछि समुदायले कसरी समुदायका स्थानहरूको प्रयोग गरिरहेका छन् र के-के सेवा पाइरहेका छन्, अनि कहाँकहाँ समस्या छ भन्ने कुराको नक्सामा दृश्य मार्फत् वर्णन गरिने हुँदा यसलाई सेवा प्रदायक अथवा स्थानीय नेताहरूसँग छलफल गर्नका लागि आधारका रूपमा प्रयोग गर्न सकिन्छ।

*उत्तम सुझाव :*

- यो अभ्यास गर्दा समुदायका सदस्यहरू, विशेष गरी सीमान्तीकृत समुदायका सदस्यहरूको उपस्थिति सुनिश्चित गनुहोस्। छलफल अवलोकन गर्नुहोस् र आवश्यकता अनुसार सहजीकरण गर्नुहोस्। सबै जनाले समान रूपमा सहभागिता जनाएको सुनिश्चित गर्नुहोस्।

**उदाहरण २ : सेवा नक्साङ्कन**

यो साधन धेरै हदसम्म समुदाय नक्साङ्कनसँग मिल्दछ, तर यो समुदायमा सहभागीहरूका लागि उपलब्ध सेवाहरूको नक्साङ्कन गर्ने र त्यसमा कसरी उनीहरूको पहुँच पुग्छ भन्ने कुरामा केन्द्रित छ। यो प्रकारको नक्सा समुदायमा भएका सेवाहरूको भौगलिक स्थान र सीमान्तीकृत समूहलाई सेवाहरूमा पुग्नबाट रोक्ने सामाजिक-सांस्कृतिक अवरोधहरूको पहिचान गर्न प्रयोग गर्न सकिन्छ।

**उदाहरण ३ : समयरेखा/ घटना नक्साङ्कन**

समयरेखा/घटना नक्साङ्कन के हो ?

समयरेखा वा घटना नक्साङ्कन समुदाय तहमा भएका घटनाहरू वा परियोजनाका क्रियाकलापहरू अनुगमन गर्न प्रयोग गरिन्छ। यसले पैरवी अभियान वा परियोजनाका क्रियाकलापमा सहभागिता जनाएका कारण आएका परिवर्तनबारे बुझ्नका लागि मद्दत पुऱ्याउँछ।

**समयरेखा/घटना नक्साङ्कन कसरी बनाउने ?**

एउटा कागजमा सुरुवात र अन्तिम विन्दु सहितको रेखा बनाउन लगाउनुहोस्। यो तल उदाहारणमा दिए अनुरूप उपयुक्त वर्षहरूको अवधि हुन सक्छ। सहभागीलाई पहिलादेखि हालसम्म समुदायमा (समूहका रूपमा) वा उनीहरूको आफ्नै जीवनमा (व्यक्तिगत रूपमा) घटेका महत्वपूर्ण घटनाका बारे त्यो रेखामा चिन्ह लगाई लेख्न लगाउनुहोस्।

**समयरेखा/घटना नक्साङ्कन किन प्रयोग गर्ने ?:**

रेडियो कार्यक्रम सुनेर वा सम्बन्धित पहुँच क्रियाकलपमा सहभागी भएका कारणले गर्दा समुदायमा वा श्रोता वा श्रोता समूहमा आएका परिर्वतनबारे बुझ्नका लागि यो अनुसन्धान क्रियाकलाप प्रयोग गर्नुहोस्। यो साधनले हामीलाई पहिलाको तुलनामा अहिले समुदायमा समुदायका सदस्यहरूलाई निर्णय प्रक्रियामा अझ बढी समावेश गरिन्छ कि गरिँदैन तथा उनीहरूको सूचनामा अझ पहुँच छ कि छैन लगायतका कुराहरू जान्नको लागि मद्दत गर्दछ।

**यो समयरेखाको प्रयोगबाट के गर्न सकिन्छ ?**

निश्चित नीति लागू भएपछि, पैरवी अभियान सुरुपछि वा परियोजनाको खास क्रियाकलापमा सहभागी भएपछि आएका परिवर्तनबारे गहन रूपमा सहभागीहरूसँग छलफल गर्नका लागि समयरेखा सुरुवाती विन्दु हो। यस्ता परियोजनाको सन्दर्भ तथा इतिहासको स्पष्टताका लागि, हामीले देखिरहेको परिवर्तनमा बाह्य तत्वको प्रभावका बारे र बृहत्तर सन्दर्भमा कुनै पनि प्रगति वा चुनौतीलाई बृहत्तर सन्दर्भमा बुझ्नका लागि समयरेखा सहयोगी सिद्ध हुन सक्छ।

**उदाहरण ४: मार्ग अवरोध**

**मानिसहरूको विभिन्न सूचना र सेवामा किन पहुँच पुगेन भन्ने कुरा थाहा पाउनका लागि यो क्रियाकलाप प्रयोग गर्नुहोस् । तपसिलका कुराहरूले अवरोध गरेर मानिसहरूलाई पहुँच पुग्नबाट रोक्न सक्छन् :**

- उनीहरू कहाँ बस्छन् र काम गर्छन्
- कुन सामाजिक वा सांस्कृतिक समूहका सदस्य हुन्
- उनीहरूको भाषा
- उनीहरूको स्वास्थ्य
- गरिबी
- राजनीतिक समस्या
- शिक्षा वा स्रोतको अभाव
- सूचनाको अभाव

सम्भवतः तपाईंले अवरोधहरू धेरै रहेको भन्ने थाहा पाउन सक्नुहुन्छ तथा केहि अवरोधहरू केही स्थान र केही व्यक्तिका लागि मात्र भएको कुरा पनि थाहा पाउन सक्नुहुन्छ । श्रोता समूहलाई अझ बढी सक्रिय हुनबाट रोक्ने तत्वहरू तथा सञ्चार र नागरिक समाजका संस्थाबाट प्रतिनिधित्व भएको महसुस हुने कुरा वा यसमा संलग्न हुनबाट विभिन्न सीमान्तीकृत समूहलाई रोक्ने ती तत्वहरूलाई हटाउनका लागि पनि तपाईंले यो साधनको प्रयोग गर्न सक्नुहुन्छ ।

**यो तरिका कसरी प्रयोग गर्ने ?**

पहिला घर अनि विद्यालय वा समुदाय बैठकस्थल लगायत अन्य ठाउँ जाने घुम्ती सडकको चित्र बनाउन लगाउनुहोस् ।

कुन समस्याका बारे तपाईं बुझ्न चाहानुहुन्छ वा मानिसहरू के परिवर्तन गर्न चाहान्छन् भन्ने कुरामा त्यो सडक जाने ठाउँको निर्धारण हुन्छ । त्यसपछि त्यस सडकको अन्त्यमा भएको स्थानमा जानबाट रोक्ने अवरोधहरूको चित्र त्यसै सडकमा बनाउनका लागि सहभागीहरूलाई भन्नुहोस् । सहभागीहरूलाई त्यस अवरोधहरूबारे तपाईंलाई बताउनके लागि आग्रह गर्नुहोस् । त्यसपछि उनीहरूलाई सोध्नुहोस् कि कुन कुन अवरोधहरू :

- समाधान गर्नलाई सजिला वा गाह्रा छन् ?
- स्थानीय समस्या वा टाढाका समस्या हुन् ?
- अहिलेका समस्या वा धेरै अगाडि सुरु भएका समस्या हुन् ?

सडकको रेखाचित्रको विभिन्न ठाउँमा ती अवरोधहरूको चित्र बनाई ती अवरोधहरूको भिन्नता देखाउनुहोस् । त्यसपछि सहभागीहरूसँग सोध्नुहोस कि हरेक अवरोध हटाउनका लागि के भएको हुनुपर्छ र कस्ता प्रकारका समाधानका उपायले सामाजिक परिवर्तनलाई सघाउ पुऱ्याउँछन् ।

समूहले निकालेका समाधानका उपायहरू यस प्रकारका हुन सक्छन् :

- उनीहरूको बैठक र कार्यक्रममा सहभागी हुनका लागि समुदायका मानिसहरूलाई आग्रह गर्ने
- समुदायमा अन्तर्क्रियात्मक कार्यक्रम र सडक नाटक आयोजना गर्ने
- ठुला व्यक्तिहरूसँग सल्लाह माग्ने
- विभिन्न क्रियाकलापका लागि आवश्यक रकम जुटाउन फरक-फरक संस्थाहरूसँग समन्वय गर्ने
- रेडियो कार्यक्रमलाई अझ बढी नियमित रूपमा सुन्ने
- समुदायमा उनीहरूले खोजेका परिवर्तनबारे बुझ्नका लागि सहयोग गर्न परिवारको सदस्य तथा छिमेकीहरूसँग कुरा गर्ने

### उदाहरण ५ : जिम्मेवारी बाँडफाँड

यो अनुसन्धान क्रियाकलाप दैनिक क्रियाकलाप चार्टसँग मिल्दो छ । तर यसमा लैङ्गिक सवालहरूलाई प्राथमिकता दिइन्छ । दिनभरमा कस्ले के-के काम गर्छन् भनी तपाईंले सोध्नुपर्दछ । यस अनुसन्धान क्रियाकलापले दिनभरमा पुरुष, महिला तथा बालबालिकाको भूमिकामा केकस्ता प्रकारका भिन्नताहरू छन् तथा यिनले उनीहरूको सूचनामा पहुँच र छलफलमा सहभागिता अनि समुदायको निर्णय प्रक्रियामा कसरी असर पार्छ भन्ने विषयमा बुझ्नका लागि सघाउ पुर्‍याउँछ ।

*यस अनुसन्धान क्रियाकलापलाई कसरी प्रयोग गर्ने ?*

यो अनुसन्धान क्रियाकलाप लिङ्ग, उमेर वा जातीयता आदिका आधारमा उस्तै विशेषता भएका व्यक्तिहरूको समूहमा सञ्चालन गर्दा सबैभन्दा बढी प्रभावकारी हुन्छ । यसका लागि तपाईंलाई दिनको विभिन्न समय उल्लेख गरिएको एउटा साधारण चार्ट चाहिन्छ । उदाहारणका लागि :

- बिहानदेखि रातिसम्म
- घण्टाघण्टामा विभाजन

तपाईंलाई विभिन्न चिह्न, जस्तै दिनको सुरुवात तथा अन्त्य जनाउनका लागि सूर्य र चन्द्रमाको प्रयोग गर्न मन लाग्न सक्छ ।

समुदायमा मानिसहरूको सामान्य दिनको वर्णन गर्नका लागि समूहका व्यक्तिहरूलाई आग्रह गर्नुहोस् । उनीहरूले के क्रियाकलाप गर्छन् र कहिले गर्छन् भन्ने कुरा पनि जनाउनुपर्दछ । उनीहरूलाई चार्टमा रेखा बनाई दिनको विभिन्न समय उल्लेख गरिएको ठाउँसँगै आफूले कुन समयमा के गर्छु भन्ने कुराको चित्र बनाउन वा लेख्नका लागि भन्नुहोस् । सहभागीका तर्फबाट तपाईंले पनि लेखिदिन सक्नुहुन्छ । समूहका व्यक्तिहरूलाई तपाईंले तल उल्लेखित प्रश्नहरू पनि सोध्न सक्नुहुन्छ :

- कुन क्रियाकलापले सबै भन्दा बढी समय लियो ?
- कुन क्रियाकलाप उनीहरूलाई सबैभन्दा कम वा बढी मन पर्‍यो ?
- जिम्मेवारी र भूमिकामा परिवर्तन भयो भने के हुन्छ ?
- कुन क्रियाकलापहरू निश्चित सवाल, जस्तै : एच्आइभी, स्वास्थ्य, घरेलु हिंसा अथवा बाल पोषण आदिसँग जोडिएका छन् ?

## ५. प्रतिफल सङ्कलन

### प्रतिफल सङ्कलन के हो ?

प्रतिफल सङ्कलन भनेको अनुगमन तथा मूल्याङ्कन गर्ने एउटा तरिका हो, जसले परियोजनाका क्रियाकलापसँग सम्भावित सम्बन्ध भएका धेरै परिवर्तनका कथाहरू सङ्कलन गर्नका लागि सामुदायिक कार्यअनुसन्धानकर्तालाई सक्षम बनाउँछ । त्यसैले, विशेषगरी कुनै परिवर्तन वा प्रभावको कारण तथा असरहरू तुरुन्तै नदेखिने परियोजनाका लागि यो फलदायी सिद्ध हुन्छ ।

### प्रतिफल सङ्कलन कसरी गर्ने ?

यस परियोजनाका कार्यक्रम वा क्रियाकलापको कार्यान्वयनका कारणले गर्दा समुदायमा आएका अपेक्षित तथा अनपेक्षित परिवर्तनका कथाहरू सङ्कलन गर्ने कार्य प्रतिफल सङ्कलनले गर्दछ । यी परिवर्तनहरू जे पनि हुन सक्छन्, जस्तै : सामाजिक वा संस्थागत सम्बन्धमा, व्यक्तिहरूको बानी, नीति, संस्थागत अभ्यासमा परिवर्तन आदि । परिवर्तनहरू अवलोकन गर्न मिल्ने प्रकारका हुनुपर्दछ ।

तपाईंले निरन्तर रूपमा प्रतिफल 'सङ्कलन' गर्नुपर्दछ । तपाईंले कुनै समुदायमा परियोजनासँग सम्बन्धित परिवर्तन देख्नुभयो वा अर्को अनुसन्धान क्रियाकलाप गर्दा थाहा पाउनुभयो भने त्यसलाई ' Outcome Harvesting ' भन्ने ढाँचामा लेख्नुपर्दछ । प्रतिफल विवरणमा **के** परिवर्तन भयो, **कहाँ** भयो, **कहिले** भयो, **को-को** संलग्न थिए र यो **किन** महत्वपूर्ण छ भन्ने कुरा सङ्क्षिप्त रूपमा लेख्नुपर्छ ।

प्रतिफल विवरण लेख्दा सङ्कलक वा ामुदायिक कार्यअनुसन्धानकर्ताउत्तर दिनुपर्ने प्रश्नहरू निम्न लिखित छन् :

**कसले** परिवर्तन गऱ्यो (सम्बन्ध, व्यवहार, क्रियाकलाप, कार्य, नीति अथवा अभ्यास) ?

**के** परिवर्तन भयो ?

**कहिले** परिवर्तन भयो ?

**कुन** ठाउँमा भयो ?

प्रतिफल विवरणको उदाहारण :

"काठमाडौं र सात वटै प्रदेशमा सञ्चार गृहहरूसँग थप परामर्श गर्नका लागि नेपाल सरकारले विवादित नयाँ सञ्चार नीति जनवरी २०१७मा फिर्ता लियो ।"

यो उदाहरणमा **को** भनेको नेपाल सरकार हो, **के** भनेको नेपाल सरकारले थप परामर्शका लागि विवादित नयाँ सञ्चार नीति फिर्ता लियो हो, **कहिले** भनेको जनवरी २०१७ हो तथा **कहाँ** भनको काठमाडौं र नेपालका सातै वटा प्रदेशमा हो ।

प्रतिफल सङ्कलनको दोस्रो चरण भनेको **'Contribution Statement'** तयार गर्नु हो, जसमा सामुदायिक कार्यअनुसन्धानकर्तापरियोजनाका क्रियाकलापले प्रतिफलमा कसरी योगदान दिए भन्ने विषयमा आफ्नो तर्क प्रस्तुत गर्दछ ।

परियोजनामा महत्वपूर्ण योगदान हुने अरू पनि तत्व हुन सक्छन् । तर यहाँ तपाईंले केवल विश्वसनीय तथा प्रमाणित गर्न मिल्ने सम्बन्धहरूबारे मात्र उल्लेख गर्नुहुनेछ । के 'क' को कारणले गर्दा 'ख' भएको हुन सक्छ ?

उदाहरणका लागि - यदि डिसेम्बर २०१६ मा परियोजनाको साझेदार संस्थाले विवादित नयाँ सञ्चार नीतिबारे स्वतन्त्र समीक्षा गरी त्यसमा पाइएका तथ्यहरू सार्वजनिक गरेको र त्यसलाई आधार मानेर त्यो नीतिले कसरी अन्तर्राष्ट्रिय रूपमा स्विकारिएका सिद्धान्तलाई लत्याएको छ भन्ने विषयलाई मुख्य प्राथमिकतामा राखी सञ्चार माध्यमले प्रसारण गरेको भए, त्यस्तो अवस्थामा परियोजना अन्तगर्तका क्रियाकलाप र त्यो समीक्षाको एक महिनापछि नेपाल सरकारले सो नयाँ नीति फिर्ता लिई परामर्श गर्न लिएको निर्णयबीच विश्वसनीय सम्बन्ध स्थापित हुन्छ ।

### सङ्कलित प्रतिफलबाट के गर्न सकिन्छ ?

इक्वेल  एक्सेस र एफ्एच्आई ३६०ले सामुदयिक कार्य कार्यअनुसन्धानकर्तालाई प्रतिफल विवरण सङ्कलन गर्न र ती कुराहरू हरेक महिना पठाउनका लागि आग्रह गर्नेछ ता कि परियोजनाका कारण समुदायमा आइरहेको विभिन्न परिवर्तनको हामीसँग अभिलेख हुनेछ । हामीसँग चाहिँदो सङ्ख्यामा प्रतिफल भइसकेपछि मात्र परियोजनाको बृहत्तर प्रभावका बारे बुझ्नका लागि तिनीहरूको विश्लेषण गर्न सक्छौँ । उदाहारणका लागि, कुन क्रियाकलापहरूले समुदयामा सबैभन्दा धेरै परिवर्तन ल्याएका छन्, कुन समूहले सबै भन्दा धेरै परिवर्तन अनुभव गरिरहेको छन्, कुन क्षेत्रमा धेरै परिवर्तन सुरु भएको छैन आदि ।

### प्रभाव अनुसन्धानका लागि प्रतिफल सङ्कलन

- समुदायमा आएका परिवर्तनको उदाहरण सङ्कलन गर्ने तथा परियोजनाका (पैरवी क्रियाकलाप सहित) क्रियाकलापले कस्तो योगदान दिए भन्नेबारे बुझ्ने
- परियोजना अन्तर्गतका पैरवी क्रियाकलापको उपलब्धि तथा असरको मूल्याङ्कन गर्ने
- समुदायमा भएका परिवर्तनको प्रक्रिया र त्यसमा परियोजनाको योगदानबारे बुझ्ने, रेडियो कार्यक्रम सुनेर वा सम्बन्धित क्रियाकलापमा सहभागी भएका कारणले गर्दा आएका परिवर्तन सम्बन्धी गहन सूचना वा कथा सङ्कलन गर्ने

### ६. अन्तर्क्रियात्मक आवाज प्रतिक्रिया (आइभिआर्) प्रणाली

अन्तर्क्रियात्मक आवाज प्रतिक्रिया (IVR) प्रणाली मोबाइलमा हुने स्वचालित अन्तर्क्रियात्मक प्रणाली हो । यसमा पहिल्यै रेकर्ड भएको आवाजले फोन गर्ने व्यक्तिलाई निश्चित क्रियाकलाप गर्नका लागि निर्देशन दिन्छ । यस प्रणाली बहुउपयोगी छ । रेडियो कार्यक्रमका लागि सुझाव, सोधपुछ, सार्वजनिक सन्देश प्रसारण तथा अरू विकासका क्रियाकलाप तथा अनुसन्धानमा यस्को लोकप्रियताले यस प्रणालीको उपयोगिताबारे जानकारी दिन्छ ।

यस परियोजनाको उद्देश्यका सन्दर्भमा (IVR) प्रणालीले श्रोताको संलग्नताका साथै अनुगमनको उद्देश्यका लागि एउटा संयन्त्रको रूपमा कार्य गर्दछ । श्रोताको संलग्नताको संयन्त्रका रूपमा, यस प्रणालीले श्रोताहरूलाई रेडियो कार्यक्रमका लागि सुझाव दिन, प्रणालीमा भएका निश्चित सार्वजनिक सन्देश सुन्न वा कुनै प्रतियोगिता अथवा अभियान (जस्तै : एस्एम्एस् माई भोइस)मा सहभागी हुनका लागि बाटो

खुल्ला गरेको छ । अनुगमन साधनका रूपमा, यस प्रणालीले छोटो प्रश्नावली मार्फत् लेखाजोखा वा फोन गर्ने व्यक्तिहरूको बृहत्तर समूहसँग सर्वेक्षण गर्नका लागि आवश्यक प्रबन्ध गर्नलाई सघाउ पुऱ्याउँछ । साथै, IVR प्रणालीलाई अरू अनुसन्धानका क्रियाकलापमा पनि प्रयोग गर्न सकिन्छ । सामुदायिक कार्यअनुसन्धानकर्ताले श्रव्य टिपोटका रूपमा आफ्नो अवलोकन यसमा अभिलेखीकरण गर्न सक्छन् र यसलाई सुनेर अनुसन्धान टोलीले तुरुन्तै आफ्नो सुझाव तथा प्रतिक्रिया दिन सक्छन् । त्यस्तै, सामुदायिक कार्यअनुसन्धानकर्ताले प्रतिफल सङ्कलनको प्रक्रियामा आफूले अवलोकनमा पाएका कुराहरू IVR प्रणालीमा अभिलेखीकरण गर्न सक्छन् र यसलाई अनुसन्धान टोलीले सजिलै सुनी आफ्नो प्रतिक्रिया दिन तथा थप विश्लेषण गर्न सक्छन् ।

यस प्रणालीका मुख्य फाइदाहरू भनेका वास्तविक समयमै तथ्याङ्कहरूमा अनुसन्धाकर्ताको पहुँचको सुनिश्चितता र प्रभावकारिता हुन् । उदाहरणका लागि, IVR प्रणाली मार्फत् सञ्चालन गरिएको छोटो प्रश्नावली सर्वेक्षणको नतिजा अनुसन्धान टोलीले तुरुन्तै पाउन सक्दछन् । यी फाइदाहरू भएता पनि यसको एउटा मुख्य चुनौती भनेको फोन गर्ने व्यक्तिलाई यसबारे केही न केही जानकारी हुनु जरुरी छ । तर, फोन गर्ने व्यक्तिले IVR प्रणालीसँगको केही अन्तर्क्रियापछि नै त्यो चुनौतीलाई पार गर्न सक्दछन् । यसको अर्को चुनौती नेटवर्कको पहुँचका सवालसँग सम्बन्धित रहेको छ किनभने देशका सबै क्षेत्रमा मोबाइल नेटवर्कमा पहुँच पुगेको छैन ।

अनुसन्धानको लागि IVR को प्रयोग

| पैरवी अनुसन्धानका लागि | प्रभाव अनुसन्धानका लागि |
|---|---|
| • पूर्व निर्धारित सर्वेक्षण प्रश्नावलीमा आइभिआर्का IVR को सङ्कलनका लागि प्रतिफल विवरणको बारे जानकारी दिनका लागि तपाईंसँग आग्रह गरिनेछ । | • IVR को प्रयोगबाट PSA लेखाजोखा गरिनेछ । त्यसैले, तपाईंले आइभिआर्को प्रयोगलाई समुदायमा बढावा दिनु पर्नेहुन्छ । सर्वेक्षणका लागि समुदायबाट फोन नम्बर सङ्कलन गर्न र समुदायका सदस्यहरूलाई IVR को प्रयोगबारे सङ्क्षिप्त अभिमुखीकरण प्रदान गर्नका लागि तपाईंलाई आग्रह गर्न सकिनेछ । |

**अनुसन्धानका लागि विभिन्न प्रकारका साधनको प्रयोगका केही उदाहरणहरू**

| **अनुसन्धान प्रश्न** | **समुदायमा निःशुल्क औषधी वितरण गर्ने सरकारी नीति तथा अभ्यासमा केकस्ता कमजोरी छन् ?** | **के समुदायमा भएका भूकम्प पीडितहरूले सरकारले प्रदान गर्ने राहतको प्याकेज तथा घर निर्माण अनुदान पाइरहेका छन् ?** |
|---|---|---|
| **दस्ताबेजको समीक्षा** | यस नीति तथा यससँग सम्बन्धित लेखहरू पढेर आफूलाई यस नीतिसँग अभ्यस्त बनाउनुहोस् । यी अभ्यासहरूबारे नयाँ लेखहरू तथा अरू समुदायबाट घटना विवरणहरू प्रकाशन भएका हुन सक्छन् । | राहत प्याकेज तथा घर निर्माण अनुदान सम्बन्धी सरकारको नीति पढ्नुहोस् । आफूलाई समुदायमा भइरहेका अभ्याससँग अभ्यस्त बनाउनुहोस् । यस सम्बन्धमा प्रकाशित समाचार तथा लेखहरू पढ्नुहोस् र यस सम्बन्धी वर्तमान बहसबारे जानकार रहनुहोस् । |
| **अवलोकन** | तपाईंको स्थानीय समुदायमा, सार्वजनिक स्वास्थ्य सेवा प्रदायकबाट भइरहेको औषधी वितरण प्रक्रियाको अवलोकन गर्नुहोस् । कसले औषधी वितरण गर्छ र कसरी वितरण हुन्छ, यसको टिपोट गर्नुहोस् । त्यस दृश्य र व्यक्तिहरूबीच भएको अन्तर्क्रियाको वर्णन गर्नुहोस् । | राहत प्याकेज र अनुदानको वितरण कसरी भइरहेको छ, अवलोकन गर्नुहोस् । स्थानीय अधिकारी र भूकम्पका पीडितहरूबीच हुने अन्तर्क्रिया अवलाकेन गर्न स्थानीय तहका संस्थाहरूमा जानुहोस् । अवस्थाको विश्लेषण गर्न भूकम्पका पीडितहरूको घरमा जानुहोस् र उनीहरूसँग कुरा गर्नुहोस् । |
| **अन्तर्वार्ता** | वितरण प्रक्रियाको जिम्मेवारी लिएका मुख्य व्यक्तिहरू (जस्तै : स्वास्थ्य अधिकृत वा अन्य व्यक्तिहरू)को अन्तर्वार्ता लिनुहोस् । स्थानीय नेताहरूकोा विचार तथा धारणा बुझ्न उनीहरूको अन्तर्वार्ता लिनुहोस् । | स्थानीय तहमा मुख्य सरोकारवालाहरूको अन्तर्वार्ता लिनुहोस् । राहत प्याकेज र अनुदानको वितरण कसरी भइरहेको छ भन्ने जान्नका लागि समुदायका नेता तथा केही भूकम्प पीडितहरूसँग अन्तर्वार्ता सञ्चालन गर्नुहोस् । |

| | | |
|---|---|---|
| **केन्द्रित समूह छलफल ( सहभागितात्मक तरिकाहरू सहित)** | निःशुल्क औषधी वितरणको अवस्था, समुदायका व्यक्तिहरूको यसमा पहुँचको क्षमता तथा चुनौतीको बारे बुझ्नका लागि सीमान्तीकृत समूहको पनि प्रतिनिधित्व हुने गरी समुदायका व्यक्तिहरूसँग केन्द्रित समूह छलफल सञ्चालन गर्नुहोस् । अवरोधको पहिचान गर्न सेवा नक्साङ्न, मार्ग अवरोध आदि सहभागितात्मक तरिकाको प्रयोग गर्नुहोस् । साथै, यस सेवालाई अझ कसरी प्रभावकारी बनाउन सकिन्छ छलफल गर्नुहोस् । | सीमान्तीकृत समूहका पीडितहरू पनि समावेश गरी भूकम्प पीडितहरूसँग केन्द्रित समूह छलफल सञ्चालन गर्नुहोस् । चुनौती र प्रक्रियालाई अझ कसरी प्रभावकारी बनाउन सकिन्छ, छलफल गर्नुहोस् । सम्भव भएसम्म सहभागितात्मक साधनको प्रयोग गर्नुहोस् । |

## खण्ड ३ : अनुसन्धान संहिता, तथ्याङ्क व्यवस्थापन तथा प्रतिवेदन लेखन

## १. अनुसन्धान नैतिक संहिता

अनुसन्धान सञ्चालन गर्ने बेला तपाईंले संवेदनशील भएर व्यक्तिहरूसँग व्यवहार गर्ने, उनीहरूको विश्वास र मान्यतालाई सम्मान गर्ने तथा सूचनालाई गोप्य राख्ने कुरा सुनिश्चित गर्नुपर्दछ। अनुसन्धान सञ्चालन गर्ने बेला नैतिकताका सन्दर्भमा निम्न लिखित मुख्य बुँदालाई ध्यान दिनुपर्दछ :

**आफैंले वर्णन/व्याख्या गर्नेः**

अनुसन्धानका क्रियाकलापहरू गर्दा तपाईंले छोटकरीमा तर स्पष्टसँग तपसिलका कुराहरूबारे बताउनुपर्नेछ :

- यो अनुसन्धान तपाईंले किन गरिराख्नुभएको हो ?
- के थाहा पाउन खोजिरहनुभएको छ?
- उनीहरूले दिएको सूचनालाई तपाईं कसरी प्रयोग गर्नुहुन्छ ?

### *सुसूचित सहमति*

कुनै पनि अनुसन्धान सुरु गर्नुभन्दा अगाडि, अनुसन्धानमा सहभागी हुने व्यक्तिहरूको पूर्ण (लिखित वा मौखिक) सहमति लिन जरुरी छ। यदि लिखित नभई मौखिक रूपमा सहमति लिइएको छ भने त्यसलाई अभिलेखीकरण गर्नुपर्दछ ता कि अरूले तपाईंले सहमति लिएको कुरा सुनिश्चित गर्न र सहमति लिन अपनाएको प्रक्रियाबारे थाहा पाउन सकूस्। यदि तपाईंले अनुसन्धानको उद्देश्य बताएपछि पनि कोही अनुसन्धानका क्रियाकलापमा सहभागी हुन चाँहदैनन् भने तपाईंले त्यसलाई सम्मान गर्नुपर्दछ र अनुसन्धानमा सहभागिता नजनाउनका लागि अनुमति दिनुपर्दछ। त्यसै गरी, यदि तपाईं कुनै समुदायको बैठक वा घटनामा सहभागी भएर त्यस बैठकमा आएका केही प्रतिफल प्रयोग गर्न चाहानुहुन्छ भने त्यसका लागि तपाईंले अनुमति लिएको हुनुपर्दछ।

### *संवेदनशील भएर व्यक्तिहरूसँग व्यवहार गर्ने*

केही अनुसन्धान क्रियाकलापहरूले सहभागीमा सशक्त संवेदना जागृत गराउन सक्छन्। उनीहरूसँग संवेदनशील भएर व्यवहार गर्नुपर्दछ।

### *संवेदनशील सवालको खोज गर्ने*

तपाईंको अनुसन्धानमा संवेदनशील सवालको खोज गर्नका लागि पनि तपाईं तयार रहनुपर्छ। अरू व्यक्तिहरूको विचारसँग असहमत भएता पनि तपाईंले उनीहरूको विचारलाई कदर गर्नुपर्दछ। तपाईंले अरूको दृष्टिकोण र मान्यतालाई बुझ्नुपर्दछ र आफ्नो तर्क राख्नका लागि तपाईं अग्रसर हुनुहुनेछैन।

### *कहिल्यै पनि सहभागीलाई जोखिममा नपार्नुहोस्*

अनुसन्धानमा सहभागीले भनेका र गरेका कुराको जानकारी अरूले थाहा पाउँदा वा दिँदा यसको वास्तविक र गम्भीर परिणाम हुन सक्छ । अनुसन्धान क्रियाकलापका बेला सहभागीले भनेका कुरा यदि अरूले थाहा पाए भने के हुन सक्छ भन्ने कुराबारे तपाईं सचेत रहनुपर्दछ । मानिसको जीवन र जीविकोपार्जनभन्दा बढी महत्वपूर्ण हाम्रो अनुसन्धान **हुन सक्दैन** ।

### *कहिल्यै पनि आफूलाई जोखिममा नपार्नुहोस्*

खतरायुक्त परिस्थितिबारे तपाईं सचेत रहनुपर्दछ र आफूलाई जोखिम पार्ने काम कहिल्यै पनि गर्नुहुँदैन ।

### *नामको गोपनीयताको सम्मानः*

अनुसन्धानको प्रतिवेदन वा अरू दस्तावेजमा सहभागीहरू आफ्नो नाम उल्लेख गराउन चाहान्छन् कि चाहादैनन् भन्ने कुरा अनिवार्य रूपमा सोध्नुहोस् । यदि उनीहरू चाहाँदैनन् भने, नामलाई उल्लेख नगर्नुहोस् ।

## २. तथ्याङ्क सुरक्षा

### *तथ्याङ्कको स्थान सुरक्षित गर्नुहोस्:*

- तथ्याङ्क दुई रूपमा हुन सक्छन्, कागजी प्रति र विद्युतीय प्रति । अनुसन्धानका विषयसँग सम्बन्धित पत्रिकाका काटिएका टुक्रा (क्लिपिङ)हरू, छापिएका समाचारहरू, अन्तर्वार्ताका टिपोट, स्थलगत टिपोट, अन्तर्वार्ताको लिखित प्रतिलिपिजस्ता कागजी प्रतिलाई आगो, पानी वा धुलोले बिगार्न नसक्ने गरी सुरक्षित स्थानमा राखिनुपर्दछ ।
- विद्युतीय प्रति सपनि ुरक्षित पुहँच हुने ठाउँमा भण्डारण गरिनुपर्दछ । विद्युतीय प्रतिमा भएका तथ्याङ्कलाई कहिल्यै पनि सार्वजनिक नेटवर्क, समाजिक सञ्जाल वा च्याट रुममा सेभ गर्नुहुँदैन । तथ्याङ्कहरू भण्डारण गर्ने कम्प्युटर वा विद्युतीय सामग्रीलाई एन्टिभाइरस राखी सुरक्षित गरिनुपर्दछ ।

### *तथ्याङ्कमा पहुँच सुरक्षित गर्नेः*

- कागजी वा विद्युतीय प्रतिमा भएका तथ्याङ्कलाई अनाधिकृत पुहँचबाट सुरक्षित गरिनुपर्दछ । कागजी प्रतिको हकमा, ामुदायिक कार्यअनुसन्धानकर्तातिनीहरूलाई दराज वा ऱ्याकमा राखी चाँबी लगाउनुपर्दछ र सो दराज वा ऱ्याकको चाँबी आफूसँग सुरक्षित राख्नुपर्दछ ।
- विद्युतीय प्रतिमा भएका तथ्याङ्कलाई सुरक्षित नेटवर्कमा सेभ गरिनुपर्दछ । साथै, आधिकारिक प्रयोगकर्तासँग यो तथ्याङ्कको पहुँच छ भने एक अर्कासँग तथ्याङ्क आदनप्रदान गर्नका लागि प्रयोग भएको नेटवर्क सुरक्षित तबरले चलिरहेको सुनिश्चित गर्नुहोस् ।

*दुरुपयोगबाट रोकथाम:*

- कुनै पनि परिस्थितिमा र कुनै पनि समयमा अनाधिकृत व्यक्तिको तथ्याङ्कमा पहुँच हुनुहुँदैन । परिवारका सदस्यहरू वा नजिकको साथीसँग पनि तथ्याङ्कहरू आदानप्रदान गर्नुहुँदैन ।
- अनुसन्धानको उद्देश्यका लागि बाहेक अरू कुनै पनि क्रियाकलापका लागि सङ्कलित तथ्याङ्क प्रयोग गर्नुहुँदैन । कुनै पनि प्रकाशन वा सञ्चार माध्यममा तथ्याङ्कलाई प्रयोग गर्नुपरे आफ्नो सुपरीवेक्षकसँग परामर्श गरी प्रयोग गर्न मिल्ने वा नमिल्ने सुनिश्चित गर्नुपर्छ ।

## ३. तथ्याङ्क व्यवस्थापन, विश्लेषण र प्रतिवेदन लेखन

### *क) राम्रो अभिलेखीकरण*

*अनुसन्धान क्रियाकलापहरूका बेला*

- सहभागीहरूको लिङ्ग, उमेर, जात आदि जानकारी दुरुस्त प्रदान गर्न चाहिने सम्पूर्ण सूचनाको सङ्कलन गर्नुहोस् ।
- श्रोता समूहको अनुगमन, PPWG बैठकको प्रतिवेदन लेखन, साझा सभा बैठक जस्ता क्रियाकलापहरूका लागि छुट्टाछुट्टै प्रतिवेदन ढाँचाहरू तयार गरिएका छन् । त्यसैले, सम्भव भएसम्म ती प्रतिवेदन लेखनका ढाँचालाई पालना गर्नुहोस् । सो ढाँचाका लागि चाहिने सम्पूर्ण सुचना तपाईंले सङ्कलन गर्नु भएको सुनिश्चित गर्नुहोस् ।
- तथ्याङ्कको वास्तविकता सुनीश्चत गर्नुहोस् : सङ्कलन गरिएका सम्पूर्ण तथ्याङ्कहरू यथार्थपरक/वास्तविक भएको सुनिश्चित गर्नुहोस् ।
- स्पष्टता : तपाईंले अभिलेखीकरण गर्नुभएका सूचना स्पष्ट र बुझिने हुनुपर्छ ता कि पछि यी सूचनाहरूलाई फेरी पढ्दा सजिलै बुझ्न सकियोस् । उदाहरणका लागि, तपाईंले स्थलगत टिपोट वा लिखित प्रतिलिपि सफा र बुझिने गरी लेख्नुपर्दछ ।
- कुनै पनि अन्तर्वार्ता वा घटना लगत्तै वा जति सकिन्छ छिटो अन्तर्वार्ता/घटनाको टिपोट तयार गर्नुपर्दछ ।
- तयार गरिएको टिपोट सकेसम्म विस्तृत हुनुपर्दछ । यसमा मुख्य घटनाको वर्णन वा विवरण संलग्न गरिनुका साथै स्थान र समयको विस्तृत अभिलेखीकरण गरिनुपर्दछ ।
- अनुसन्धानका क्रियाकलापहरूमा तयार पारिएका चित्र, नक्सा तथा अरू सामग्री सजिलैसँग बुझ्न सकिने हुनुपर्दछ र तपाईंलाई प्रतिवेदन लेख्न चाहिने सम्पूर्ण जानकारी/सूचना पनि समावेश गर्नुहोस् ।
- अनुसन्धान क्रियाकलापमा तयार गरिएका सामग्रीहरूमा दोस्रो चरणमा दिइएका जानकारी अनुसार नामपत्र (लेबल) राख्नुहोस्, नामाङ्कित गर्नुहोस् र तिनीहरूलाई सुरक्षित ठाउँमा राख्नुहोस् ।

*अनुसन्धान लगत्तै:*

- आफ्नो टिपोट पुस्तिका र अनुसन्धान दैनिकीमा सकेसम्म छिटो लेख्नुहोस् । जति सकिन्छ धेरै विस्तृत जानकारी समावेश गर्नुहोस् । यस निर्देशिकामा भएका सझाव र प्रतिवेदन ढाँचाले यसबारे तपाईंको अवधारणालाई स्पष्ट पार्नेछ ।

- हरेक क्रियाकलापको मुख्य प्रतिफलको सारांश तयार पार्नुहोस् । तपाईँले सिक्नुभएका मुख्य कुरा तथा अन्य महत्वपूर्ण जानकारी अभिलेखीकरण गर्नका लागि अनुसन्धान क्रियाकलापपछि जति सकिन्छ छिटो सारांश तयार गर्नुपर्दछ । यस सारांशलाई पछि अरूलाई पनि दिन सकिन्छ ।
- आफ्नो टिपोट पुस्तिकामा केही समालोचनात्मक विचार पनि लेख्नुहोस् ।

### *ख). आफ्नो तथ्याङ्कलाई व्यवस्थित गर्ने :*

सबै तथ्याङ्कमा निम्न लिखित सामान्य जानकारी लेखिएको हुनुपर्छः

- को संलग्न थियो ?
- क्रियाकलाप कहाँ सञ्चालन गरिएको थियो ?
- यो कहिले भएको थियो ?
- कसरी तपाईँले यो अनुसन्धान सञ्चालन गर्नुभयो ? (के साधन वा पद्धतिको गरिएको थियो ?)

### *३. अनुसन्धान प्रतिवेदन तयार गर्ने*

तपाईंले गर्नुभएको अध्ययन प्रतिवेदन तयार पार्नु अत्यन्त महत्वपूर्ण छ । यस प्रतिवेदनले तपाईंको अध्ययनबाट आएका तथ्य र दिनुभएका सिफारिसको जानकारी दिन्छ । प्रतिवेदन तयार पार्न तपाईंले निश्चित चरणहरूको पालना गर्नुपर्दछ । साथै, यो प्रतिवेदन तयार पार्दा तपाईंले नागरिक समाजका संस्थाका प्रतिनिधिसँग समन्वय गर्नुपर्छ ।

**राम्रो गुणस्तरको, गहन प्रतिवेदन लेख्नका लागि सझावहरू**

**प्रतिवेदन तयार गर्नुभन्दा अगाडि राम्रो तयारी गर्नुहोस्**

- तपाईँले सङ्कलन गर्नु भएका तथ्याङ्क र तयार गर्नुभएको टिपोट राम्रोसित पढ्नुहोस् ।
- आफूले अध्ययनमा पाएका तथ्यहरूलाई व्यवस्थित गर्न शीर्षकहरूको रूपरेखा/प्रारूप लेख्नुहोस् ।

**आफ्नो उद्देश्य प्रष्ट पार्नुहोस्**

- आफ्नो अनुसन्धानको उद्देश्य प्रष्ट पार्नुहोस् (उदाहरणका लागि : समाजिक परिवर्तन प्रभाव सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने, भर्खरैको रेडियो कार्यक्रमबारे सुझाव सङ्कलन गर्ने) ।
- आफ्नो अुनसन्धानको उद्देश्य तथा तपाईंले यो अनुसन्धानबाट उत्तर दिने प्रश्न  प्रष्ट रूपमा उल्लेख गर्नुहोस् ।
- तपाईँले सञ्चालन गर्नुभएका क्रियाकलापहरू कसरी तपाईँको अनुसन्धानको उद्देश्यसँग मेल खान्छन् भन्ने कुरालाई स्पष्ट रूपमा देखाउनुहोस् ।

**सोधिएका वास्तविक प्रश्नहरू समावेश गर्नुहोस्**

- सहभागीहरूले दिएको सुझाव र टिप्पणी बुझ्नका लागि उनीहरूलाई सोधिएको प्रश्न समावेश गर्नु फाइदाजनक हुन्छ ।

**सटिक हुनुहोस र ठोस/यथार्थपूर्ण उदाहरण दिनुहोस्**

- 'धेरै जसो व्यक्तिहरू निरक्षर छन्' अथवा 'सहभागीहरूलाई (कार्यक्रमको नाम) मन पर्छ' जस्ता अस्पष्ट वाक्यको प्रयोग नगर्नुहोस् । तपाईंले समुदायको कुन निश्चित समूहको बारेमा कुरा गर्नुभएको हो भन्ने उल्लेख गर्नुहोस्, तथा कार्यक्रमको कुन भाग सबैभन्दा बढी मन पर्छ र किन भन्ने विषयमा थप जानकारी दिनुहोस् ।
- 'जातीय भेदभाव कम भइराखेको छ' भन्नुभन्दा त्यस्ता प्रकारका सामाजिक परिवर्तनको तहलाई जनाउने केही सूचक समावेश गर्नुहोस् । उदाहरणका लागि : तपाईंले सहभागीलाई के जातीय भेदभाव कम मात्रामा घटेको छ वा मध्यम रूपमा घटेको छ वा धेरै हदसम्म घटेको छ भनी सोधन सक्नुहुन्छ । सहभागीहरूले त्यस्तो किन सोच्छन् भन्ने कुराको ठोस उदाहरण वा उल्लेखनीय परिवर्तन कथा/विवरणको माध्यमबाट वर्णन गर्नुहोस् ।

**तथ्याङ्क आफैं बोल्दछ**

- यदि सहभागीहरूले केही महत्वपूर्ण वा चाखलाग्दो कुरा भनेका छन् भने उनीहरूका शब्दलाई जस्ताको तस्तै समावेश गर्नु राम्रो हुन्छ । यसले तपाईंको प्रतिवेदनलाई जीवन प्रदान गर्छ र तथ्याङ्कले आफैं बोल्दछ ।
- इक्वेल  एक्सेसले दातृ निकायका लागि पछि तयार पार्ने प्रतिवेन र समुदायलाई तपाईंले दिने सुझावमा राम्रा खालका उद्धरणहरूको प्रयोग गर्न सकिन्छ ।

**आफूले गरेको अवलोकनलाई ध्यान दिनुहोस्**

- तपाईंले सहभागितात्मक अवलोकनबाट सिक्नुभएका कुरा र स्थलगत टिपोटलाई आधार मान्नुहोस् । मानिसले वास्तविकतामा गर्ने कुराहरू उनीहरूले भन्नेभन्दा फरक हुन सक्छन् ।

**सहभागीहरू र स्थानीय परिस्थितको केही जानकारी दिनुहोस्**

- तपाईंको अनुसन्धानमा पत्ता लागेका तथ्यलाई सहभागीहरूको लिङ्ग, उमेर, जातीयता वा साक्षरताको अवस्थाले कसरी प्रभाव पारेको हुन सक्छ भन्ने कुरा विचार गर्नुहोस् । यी भिन्नताहरूबारे हामीलाई जानकारी दिनुभयो भने हामीलाई तपाईंको अनुसन्धानमा पत्ता लागेका तथ्यहरू बुझ्न सहज हुन्छ ।
- तपाईंको प्रतिवेदनले अनुसन्धानमा पत्ता लागेका तथ्यहरूलाई प्रभाव पारेको हुन सक्ने स्थानीय परिस्थितिको बारेमा हामीलाई केही बताउनुपर्दछ ।
- स्थानीय परिस्थितिको जानकारी वा सूचनाले हामीलाई परिवर्तनका अवरोधहरू अथवा सहभागीहरूले अनुभव गरेका कार्यहरूका बारे बुझ्नका लागि सघाउ पुर्‍याउँछ ।

यो “सहभागितामूलक, प्रमाणमा आधारित कार्य अनुसन्धान हाते पुस्तिका” अमेरिकी अन्तराष्ट्रिय नियोग (यूएसआईडी) मार्फत अमेरिकी जनताको सहयोगका कारण सम्भव बनेको हो । यस हाते पुस्तिका भित्रका विषयवस्तु तथा सामाग्रीहरु FHI360 र FHI360 को साझेदार संस्था इक्वेल एक्सेसको एकल जिम्मेवारी हुन् र तिनले युएसएआईडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

USAID FROM THE AMERICAN PEOPLE

EQUAL ACCESS

fhi360 THE SCIENCE OF IMPROVING LIVES